**सिलीचोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित**

# स्थानीय राजपत्र

## खण्डः २, संख्याः४ , भागः २

**सिलीचोङ गाउँपालिका**

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

### सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको विकास योजना संचालन तथा व्यवस्थापन कार्यविधि २०७५

स्वीकृत मिति २०७५।०१।२४

**प्रस्तावन :**

गाउँपालिकाको स्रोत परिचालन, व्यवस्थापन एवम् काम कारवाहीमा प्रभावकारिता अभिबृद्धि गर्ने अद्देश्यका साथ संघिय तथा प्रदेश सरकार एवम् विकास साझेदारबाट स्थानीय निकायलाई प्राप्त हुने सबै प्रकारका अनुदान, गाउँपालिकाको आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम लयायत गाउँपालिकाको कोषमा प्राप्त हुने सबै प्रकारका स्रोत तथा स्थानीय स्रोत साधनलाई एकीकृतरुपमा अधिकतम् प्रयोग गरी गरिब, महिला, बालबालिका तथा समाजिक, आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदाय एबम् क्षेत्रको समेत पहुँच र स्वामित्व रहने गरी सन्तुलित तवरबाट स्थानीय सेवा प्रवाह एबम् विकास निर्माण कार्य र शासन प्रक्रिया जनमुखी, जवाफदेही, मितव्ययी, पारदर्शी, उत्तरदायी, समाबेशी, समतामुलक, सहभागितामुलक, दिगो र गुणस्तरयुक्त, बनाउदै स्थानीयस्तरबाट नै गरिबी न्यूनीकरण र दिगो विकासको आवधारणलाई संस्थागत गर्ने कार्यमा सहयोग पुर्‍याउन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २.१ ले दिएको अधिकार प्रयोग गरी, स्थानिय तहको

विकाश योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ र स्थानिय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक  व्यवस्थापन तथा सम्पती हस्तान्त्रण निर्देशिका, २०७४ को अधिकनमा रही यस सिलिचोङ गाउँपालिकाबाट "सिलिचोङ" गाउँपालिकाको विकाश योजना संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५" तर्जुमा गरी लागु गरिएको छ ।

## पच्छिेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्याविधिको नाम "सिलिचोङ गाउँपालिकाको विकाश योजना संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि सिलिचोङ गाउँ कार्यपालिकाको बैठकले अनुमोदन गरेपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : बिषय वा प्रसङले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "अध्यक्ष" भन्नाले "सिलीचोङ गाउँपालिकाको अध्यक्ष" लाई सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले "सिलीचोङ गाउँपालिकाको उपाध्यक्ष" लाई सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले " स्थानिय सरकार संचालन ऐन, २०७४ " लाई सम्झनु पर्छ ।

(घ) "दिग्दर्शन" भन्नाले स्थानिय तहको विकाश योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४" लाई सम्झनु पर्दछ ।

(ङ) "निर्देशिका" भन्नाले "स्थानिय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्त्रण निर्देशिका २०७४" लाई सम्झनु पर्दछ ।

(च) "कार्यविधी" भन्नाले सिलिचोङ गाउँपालिकाको विकास योजना संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५"

(छ)"कार्यालय" भन्नाले सिलीचोङ गाउँपालिकाको कार्यालय" सम्झनु पर्दछ । सो शव्दले सिलीचोङ गाउँपालिका वडा कार्यालय, गाउँपालिका मातहत रहेको विषयगत शाखा वा विभाग वा महाशाखा वा कार्यालय वा ईकाईहरुलाई समेत जनाउनेछ ।

(ज) "कार्यालय प्रमुख" भन्नाले सिलिचोङ गाउँपालिकाको "प्रमुख प्रशासकीय अधिकृत" सम्झनुपर्छ ।

(झ) "आन्तिरिक आय" भन्नाले "स्थानिय ऐन, नियमावलि र सिलीचोङ गाउँपालिकाको आर्थिक प्रशासन सम्बन्धि कानून बमोजिम गाउँपालिका परिषदबाट स्वीकृत दरमा लगाएको स्थानीय कर, शुल्क, दस्तुर, विक्री, स्रोत उपयोग, निकासी कर र भाडा बापत उठाएको आम्दानी" सम्झनु पर्छ ।

सिलिचोङ गाउँ कार्यपालिकाको कार्यालय

(ञ) "आयोजना" भन्नाले सिलीचोङ गाउँपालिका वा सो अन्तरगतको वडाबाट पूर्ण वा आंशिक लागत साझेदारीमा सञ्चालित निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको विकाश सबन्धि योजना वा कार्यक्रमा सम्झनु पर्छ । यसले सिलीचोङ गाउँसभबाट स्वीकृत भएको गैर सरकारी संघ सस्था, गैर नाफामुलक संस्था वा अन्य सामुदायिक संस्थाको आयोजना समेतलाई जनाउनेछ ।

(ट) "उपभोक्ता समति" भन्नाले स्थानिय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७४ बमोजिम गठन गरेको समिति सम्झनु पर्छ र सो शब्दले लाभग्राही समूह समेतलाई जनाउँछ ।

(ठ) "ठुला मेशिनरी तथा उपकरण" भन्नाले वातावरणलाई अत्यधिक ह्रास पुऱ्याउने प्रकृतिका ठुला मेशिनरी, उपकरण (बुलडोजर, एक्साभेटर आदि) र श्रममुलक प्रविधिलाई विस्थापित गर्ने खालको मेशिनरी तथा उपकरण सम्झनु पर्छ ।

(ड) "गाउँसभा" भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिम गठित सिलीचोङ गाउँपालिकाको "गाउँसभा" लाई सम्झनु पर्छ ।

(ढ) "गाउँपालिका" भन्नाले सिलीचोङ गाउँपालिकालाई सम्झनु पर्छ ।

(ण) "विषयगत कार्यालय" भन्नाले संघिय तथा प्रदेश सरकारका विभिन्न विषयगत मन्त्रालय अन्तर्गत विभाग, जिल्ला स्तरिय कार्यालय, डिभिजन कार्यालय, इलाकास्तरीय कार्यालय समेत सम्झनु पर्छ ।

(त) "विषयगत मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय बाहेकका नेपाल सरकारका विकास निर्माण एबम् सेवा सुविधाको प्रवाहसँग सम्बन्धित अन्य मन्त्रालयहरु सम्झनु पर्छ ।

(थ) "विकास साझेदारी" भन्नाले संघीय वा प्रदेश सरकारसँग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवम् प्राविधिक सहयोग उपलब्ध गराउने द्धिपक्षीय एबम् बहुपक्षीय दातृ निकाय, संयुक्त राष्ट्रसंघीय निकायहरु तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था सम्झनु पर्छ ।

(द) "मन्त्रालय" भन्नाले नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय सम्झनु पर्दछ ।

(ध) "लक्षित समूह" भन्नाले आर्थिक रुपमा विपन्न बर्गका महिला एबम् बालबालिका तथा आर्थिक र सामाजिक रुपमा पिछडिएका बर्गहरु (सबै जातजातिका विपन्न बर्गहरु, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेसी, मुश्लिम तथा पिछडिएका बर्ग) एबम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एबम् समुदाय सम्झनु पर्छ ।

न) "वडा कार्यालय" भन्नाले सिलीचोङ गाउँपालिका अन्तर्गतको वडा कार्यालय सम्झनु पर्छ ।

सिलीचोङ गाउँपालिकाको कार्यालय

प) "स्रोत" भन्नाले गाउँपालिकालाई उपलब्ध हुने निःशर्त तथा सशर्त अनुदान, गाउँपालिकाको आन्तरिक आय, ऋृण, सापटी, विकास साझेदारबाट प्राप्त कार्यक्रम बजेट लगायतका नगद, जिन्सी र प्राविधिक सहयोगलाई सम्झनु पर्छ ।

(फ) "सशर्त अनुदा" भन्नाले संघीय तथा प्रदेश सरकार, विषयगत मन्त्रालय, विकास साझेदार वा अन्य निकायबाट कुनै क्षेत्रगत कार्यक्रम वा तोकिएको क्षेत्रमा लगानी र सेवा प्रवाह हुने गरी कुनै योजना, कार्यक्रम वा आयोजना तोकी वा नतोकी क्षेत्रगत वा विशेष उद्देश्य प्राप्तिको लागि गाउँपालिकाले तोकिएको शर्तको परिधिभित्र रही बाडफाँड र खर्च गरी अपेक्षित नतिजा हासिल गर्ने अनुदान सम्झनु पर्छ ।

(ब) "निःशत अनुदान" भन्नाले संघिय तथा प्रदेश सरकार, विकास साझेदार वा अन्य निकायबाट ऐन, नियमावली, र यस कार्यविधिको परिधिभित्र रही गाउँ, नगर र जिल्ला तथा राष्ट्रिय विकासका लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी निर्धारित प्रक्रिया बमोजिम सिलीचोङ गाउँपालिकाको गाउँ सभाबाट कार्यक्रम स्वीकृत गरी जवाफदेही ढंगले खर्च गर्न पाउने अनुदान सम्झनु पर्छ ।

(भ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानिय सरकार संचालन ऐनको दफा ८४ बमोजिम सिलीचोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(म) "सार्वजनिक परीक्षण" भन्नाले आर्थिक प्रशासन नियमावलीको नियम २०१ को उपनियम (२) बमोजिम सिलिचोङ गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रम वा आयोजनाको लक्ष्य, उद्देश्य बजेट ( आम्दानी) तथा यसबाट प्राप्त नतिजा, उपलब्धी र खर्च आदिको बारेमा सरोकारबालाहरु बीच जानकारी, लेखाजोखा गर्ने र मूल्याङ्कन गर्ने कार्य सम्झनु पर्छ ।

(य) "सार्वजनिक सुनुवाई" भन्नाले सरोकारबाला सर्वसाधरण नागरिक र सिलीचोङ गाउँपालिका पदाधिकारीहरु बीच सार्वजनिक चासोको विषयमा सार्वजनिक स्थलमा खुला छलफल गर्ने प्रक्रिया सुम्झनु पर्छ ।

**३. कार्यविधिको उद्देश्य** : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिकाको सबै प्रकारका स्रोत र साधनलाई उद्देश्य मूलक, पारदर्शी, उत्तरदायी र जवाफदेहीता पूर्वक खर्च गर्ने पद्धति निर्माण गर्न सघाउ पुऱ्याउने,

(ख) गाउँपालिकाको स्रोतलाई प्राथमिकता प्राप्त हुने भएका क्षेत्रहरुमा लगानी गर्ने आधार र प्रक्रियाबारे स्पष्ट गराउने,

(ग) विकाश आयोजना व्यवस्थापन, बजेट निकास र खर्च प्रक्रियालाई सरलीकृत गर्दै आयोजना कार्यान्वयमा सहजीकरण गर्ने,

सिलीचोङ गाउँपालिकाको कार्यालय

(घ) आर्थिक व्यवस्थापन प्रणालीलाई अनुशासित र वित्तीय कुशलता हासिल गर्न सघाउ पुऱ्याउन लेखा, लोखापरीक्षण र प्रतिवेदन प्रणालीलाई नियमित र व्यवस्थित गर्ने,

(ङ) गाउँपालिकालाई उपलव्ध हुने अनुदानलाई लक्ष्यमुखि बनाउन न्यूनतम शर्त तथा कार्यसम्पादन मापनका आधारमा अनुदान प्रदान गर्ने पद्धतिलाई संस्थागत गर्न एकीकृत रुपमा स्रोत प्रवाह गर्ने प्रणालीको विकास गर्ने,

(च) गाउँपालिकाको संस्थागत क्षमता, आयोजना व्यवस्थापन, अन्तरनिकाय समन्वय र सेवा प्रवाहमा दक्षता अभिबृद्धि गर्ने,

(छ) सहभागिता मूलक योजना प्रक्रिया अवलम्बन गर्दै योजनाबद्ध विकासका माध्यमबाट स्थानीय आवश्यकताको प्राथमिकीकरण, सञ्चालन एबम् मर्मत सम्भार गर्न स्थानीय जनतालाई प्रोत्साहन गर्ने,

(ज) समाबेशी विकासको अवधारण बमोजिम लक्षित समूह र क्षेत्रलाई सशक्तीकरण गरी समाबेशी विकास लक्ष्यलाई संस्थागत गर्ने,

(झ) सामाजिक विकाश परिचालनको माध्यमबाट अति विपन्न र विकासका पहुँच नभएका व्यक्ति र परिवारलाई उनीहरुको क्षमता अभिबृद्धि गरि विकास प्रक्रियाको मुल प्रवाहमा लाग्न प्रयत्न गर्ने ।

**४. कार्यविधिको कार्यक्षेत्र :**

गाउँपालिकालाई प्राप्त हुने निःशर्त, सशर्त अनुदान, कार्यक्रम वा आयोजनागत बजेट, विकास साझेदार, अन्य निकायबाट प्राप्त हुने सबै प्रकारका अनुदान, गाउँपालिकाको आन्तरिक आय, विकास शुल्क, राजस्व बाँडफाँडबाट विभाजित कोषबाट प्राप्त रकम, नेपाल सरकारबाट प्राप्त ऋण तथा नेपाल सरकार जमानीभई लिएको ऋण, विकास साझेदार, राष्ट्रिय, अन्तराष्ट्रिय गैरसरकारी संस्था लगायत सबै प्रकारका श्रोतहरुबाट विकाश योजना परिचालन एबम् व्यवस्थापन गर्नु यस कार्यविधिको कार्यक्षेत्र हुनेछ ।

योजना तर्जुमा, छनौट, सञ्चालन, व्यवस्थापन, अनुगमन, मूल्याङ्न, प्रतिवेदन, कोष व्यवस्थापन, लेखापरीक्षण, उत्तरदायित्व, पारदर्शिता र वित्तीय सुशासन जोखिम न्यूनीकरण लगायतका सबै व्यवस्थाहरु यसै कार्यविधि बमोजिम हुनेछ ।

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

## <u>परिच्छेद - २</u>

## <u>अनुदानका श्रोतहरु विनियोजनका क्षेत्र</u>

**५. अनुदानका श्रोत र किसिम** : गाउँपालिकालाई प्राप्त हुने अनुदान देहाय बमोजिम हुनेछन ।

१) चालु अनुदान : (क) नेपाल सरकारबाट गाउँपालिकामा खटिएका निजामती कर्मचारीहरुलाई मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदान, कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च,

ख) क्षमता विकास खर्च,

ग) सामाजिक परिचालन खर्च ।

**(२) पुँजिगत अनुदान** :

क) संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने जुनसुकै प्रकारको अनुदान,

ख) आफ्नो अधिकार सुचि अनुसार प्राप्त हुने राजस्व,

ग) राजस्व बाडँफाड सम्बन्धी विभाजित कोषबाट प्राप्त हुने आय,

**(३) अन्य अुनदान** :

क) नेपाल सरकारबाट वा नेपाल सरकार जमानत बसी लिएको ऋण,

ख) विकास साझेदारी, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसकारी सस्थाहरुबाट सम्झौता गरी प्राप्त हुने अनुदान/बजेट,

ग) विषयगत सर्शत अुनदान,

घ) कार्यक्रम वा आयोजनागत सशर्त अनुदान/बजेट,

ङ) प्राविधिक सहयोग,

च) बस्तुगत सहयोग,

छ) गाउँपालिकालाई प्राप्त हुने अन्य अनुदान ।

**६) योजनाका क्षेत्र**: (१) वडा समितिबाट प्राथमिकरण भई आएका योजना तथा कार्यक्रमहरु संचालन गर्न आवश्यक देखिएका आधारमा क्षेत्रगत सुची तयार गर्नु पर्नेछ । सो सुची देहाय बमोजिम हुनेछ ।

**(क) आर्थिक विकास** :- कृषि, उधोग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तिय क्षेत्र,

**ख) सामाजिक विकास क्षेत्र**:- शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैगिक समानता तथा समाजिक समावेशिकरण,

सिलिचोङ गाउँ कार्यपालिकाको कार्यालय

**ग) पूर्वाधार विकासः**- सडक तथा पुल (झोलुंगे पुल समेत), सिंचाई, भवन तथा सहकारी विकास उर्जा, लघु तथा साना जलविधुत (वैकल्पिक उर्जा समेत), संचार,

**(घ) वातावरण तथा विपद व्यवस्थापनः**- वन तथा भु-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिर्वतन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन,

**ङ) संस्थागत विकास तथा सेवा प्रवाह** : - मानव संसाधन विकास, संस्थागत क्षमता विकास, संस्थागत पूर्वाधार, नागरिक वडापत्र तथा सेवा प्रवाहका  मापदण्ड निर्धारण, सेवा प्रवाहमा विधुतीय सुचना प्रविधीको प्रयोग,

**च) वित्तीय व्यवस्थापन र सुशासन** :- राजस्व परिचालन, वित्तीय अनुशासन, वित्तीय जोखिम न्युनिकरण, सार्वजनिक सुनुवाई, समाजिक परिक्षण, आन्तरिक लेखा परिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखा परिक्षण तथा बेरुजु फर्छौट, सुचना तथा संचार व्यवस्थापन,

**(७) योजनाका प्राथमिकताहरु** : गाउँपालिकाको बार्षिक योजना तथा कार्यक्रम संचालन गर्दा निम्न विषयहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

क) आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने,

ख) उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

ग) जनताको जिवनस्तर, आम्दानी र रोजगारी बढ्ने,

घ) स्थानीय सहभागिता जुट्ने, स्यवम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम् प्रयोग हुने,

च) महिला, बालबालिका तथा पिछडिएका क्षेत्र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

छ) लैङ्गिक समानता र सामाजिक समाबेशिकरण अभिबृद्धि हुने,

ज) दीगो विकास, वातावरणिय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्‍याउने,

झ) भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्‍याउने,

ञ) गाउँपालिकाले आवश्यक देखेका अन्य विषयहरु ।

**८. चालु खर्च र पुँजीगत खर्चको वाँडफाँड** :

**१. चालु खर्च तर्फः** चालु खर्च अन्तर्गत देहायका खर्चहरु पाईनेछ :-

क) पदाधिकारीहरुको कानून बमोजिम तोकिएको पारिश्रमिक तथा सुविधा छुट्याएर मात्र चालु खर्चका अन्य शीर्षकमा बजेट विनियोजन गर्नुपर्नेछ ।

ख) तर पुँजीगत खर्चबाट चालु खर्चमा रकम रकमान्तर गर्न पाईने छैन । तर गाउँसभाको स्वीकृति लिई एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न बाधा परेको मानिने छैन ।

ग) क्षमता विकास खर्च शिर्षकबाट गाउँपालिकाको क्षमता अभिवृद्धिका लागि स्थानीय निकायको क्षमता विकास कार्यविधि, २०६६ को परिधिभित्र रही देहाय बमोजिमका क्रियाकलापहरु गाउँ कार्यपालिकाबाट स्वीकृत गराई सञ्चालन गर्न सकिनेछ :- (१) गाउँपालिकाको नियम, विनियम, निर्देशिका, बुलेटिन, आवधिक/विषयगत योजना तयारी एबम् अध्ययन,

(२) गाउँपालिकाको संगठन संरचनाको अध्ययन कार्य, जिम्मेवारी किटानसम्बन्धी कार्यहरु । तर अध्ययन भएको पाँच बर्ष व्यतित नभई सोही प्रकारको नयाँ अध्ययन गर्न पाइने छैन ।

३) गाउँपालिकाको कार्यालयमा कार्यरत कर्मचारी, विषयगत कार्यालयका कर्मचारी, विभिन्न समिति एबम् संयन्त्रको तालिम, अवलोकन भ्रमण,

४) गाउँपालिका सँग प्रत्यक्ष सरोकार राख्ने गैरसकारी संस्था, निजी क्षेत्र, टोल विकास संस्था एबम् समुदायमा आधारित संस्था, उपभोक्ता समितिको क्षमता विकास सम्बन्धि क्रियाकलाप,

५) स्थानीय तहको आन्तरिक आय तथा स्रोतहरुको पहिचान, सम्भाव्यता अध्ययन, संकलन तथा व्यवस्थापन कार्य,

६) सामाजिक परिचालनमा संलग्न सामाजिक परिचालक, उत्प्रेरकहरुको क्षमता विकास,

७) गाउँपालिका भित्र बसोबास गर्ने महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडा बर्ग, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बैदेशिक रोजगारको क्रममा पिडित विपन्न परिवार, आर्थिक एबम् सामाजिक रुपले विपन्न बर्गसम्बन्धी गाउँपालिका स्तरीय संजाल, बाल क्लवको क्षमता विकास तथा सीप विकाससम्वन्धी क्रियाकलाप,

८) गाउँपालिकाको क्षमता बृद्धिका लागि प्रयोग हुने भौतिक सामग्री उपकरण आदि खरीद, जडान र व्यवस्थापन,

९) पारदर्शिता तथा उत्तरदायित्व कायम गर्न सञ्चालन गर्ने क्रियाकलापहरु, (सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण) एवम् दस्तावेजहरुको तयारी,

१०) मानव संसाधन विकास केन्द्र र सुचना तथा अभिलेख केन्द्र व्यवस्थापन,

११) गाउँपालिकामा विद्युतीय शासन प्रवर्द्धन, विकास र सूचना तथा सञ्चार प्रविधिको संस्थागत व्यवस्था,

१२) प्राविधिक परामर्श, विशेषज्ञहरुको पारिश्रमिक, भत्ता, सेवा प्रदायहरुको सूचीकरण र परिचालन,

१३) गाउँपालिकाको विकास निर्माण एवम् सेवा प्रवाहसँग सम्बन्धित विषयगत कार्यालय, नागरिक समाज, निजी क्षेत्रसँग गरिने अन्तरक्रिया एवम् समन्वय कार्यक्रम,

१४) विकास निर्माण एवम् सेवा प्रवाहसँग सम्बन्धित विषयमा विषयगत कार्यालय, नागरिक समाज, निजी क्षेत्रसँग गरिने अन्तरक्रिया एवम् समन्वय कार्यक्रम,

१५) विकासमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणका लागि सञ्चालन गरिने क्षमता विकासका कार्यक्रमहरु ।

१६) सामाजिक परिचालकको परिचालन र कृयाकलापमा हुने कार्यक्रमहरु ।

**२. पुँजिगत खर्च तर्फ** : गाउँपालिका कोषको कुल पुँजिगत रकमबाट क्रमश : देहायका क्षेत्रमा विनियोजन गरी लगानी गर्नु पर्नेछ ।

क) समपुरक कोष : गाउँसभाबाट आयोजनागत विवरण सहितको स्वीकृत रकम,

ख) लक्षित समूह विकास कार्यक्रम : गाउँपालिकाको समपुरक कोषबाट यस शिर्षकमा विनियोजत रकम,

ग) आर्थिक, सामाजिक एवम् भौति पूर्वाधार विकास कार्यक्रम : गाउँपालिकाको समपुरक कोषबाट यस शिर्षकमा विनियोजित रकम,

घ) प्रवर्द्धनात्मक कार्यक्रम : गाउँपालिकाको समपूरक कोषबाट यस शिर्षकमा विनियोजित रकम,

**(९) समपूरक कोषसम्बन्धी व्यवस्था :** (१) गाउँपालिकाको आफ्नो कार्यक्षेत्रको विकाससँग सम्बन्धित सरकारी, गैर सरकारी, निजीक्षेत्र, विकास साझेदार संस्थासँग भएको सम्झौता बमोजिम साझेदारी वा लागत सहभागीता गर्न गाउँपालिकाले आयोजनागत रुपमा विवरण तयार गरी कार्यविधिको दफा ८ को उपदफा २ (क) बमोजिम समपुरक कोष (म्याचिङ फण्ड) मा आवश्यक रकम छुट्याउनु पर्नेछ । तर बार्षिक बजेट तथा कार्यक्रम स्वीकृत भईसकेपछि प्राप्त हुने प्रस्तावित आयोजनामा समपूरक कोषबाट रकम लगानी गर्न बाध्य हुनेछैन ।

(२) साझेदारीमा सञ्चालन गरिने कार्यक्रम वा आयोजनाहरु योजना तर्जुमा प्रक्रियाको प्रारम्भिक चरणदेखि सहभागितामुलक प्रक्रियाबाट गाउँपालिकाको योजना समाबेश अनिवार्य भएको हुनुपर्नेछ ।

गाउँ कार्यपालिकाको कार्यालय

**१० लक्षित समूह विकास कार्यक्रम** : (१) कार्यविधिको दफा ८ खण्ड (ख) बमोजिम छुट्याइएको कुल रकमबाट लक्षित समूहलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम वा आयोजनाहरुमा लगानी गर्न देहाय बमोजिम बजेट विनियोजन गर्नु पर्नेछ :-

(क) सबै जातजातिका विपन्न वर्गका महिलाहरुको सशक्तिकरण, रोजगारीमुलक र आयमुलक कार्यमा प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम वा आयोजना,

ख) सबै जातजातिका विपन्न वर्गका बालबालिकाहरुलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम वा आयोजना,

ग) सबै जातजातिका आर्थिक रुपमा विपन्न तथा आर्थिक एबम् समाजिक रुपमा पछाडि परेका र पारिएका वर्ग (ज्येष्ठ नागरिक, दलित, आदिबासी जनजाति, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरु, मधेसी, मुश्लिम तथा पिछडावर्ग लगायत) एवम् नेपाल तथा प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशित गरी लक्षित समूह भनी तोकिएका वर्ग एवम् समुदायले प्रत्यक्ष फाईदा पाउने कार्यक्रम वा आयोजना ।

(२) उपदफा (१) बमोजिम विनियोजन भएको रकमबाट सहभागितामुलक योजना तर्जुमा प्रक्रिया अन्तर्गत छनौट भई आए बमोजिमका कार्यक्रम वा आयोजनामा लगानी गर्नुपर्नेछ ।

३) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम बन्चितिकरण र पछाडि परेका सबै समुदाय एबम् वर्गले फाइदा पाउने गरी न्यायोचित तवरबाट बाँडफाँड गर्नुपर्नेछ ।

४) लक्षित समूहमा लगानी गर्दा लोपोन्मुख अल्पसंख्यक, अति सीमान्तकृत तथा सबै जातजातिका अति विपन्न परिवारहरुलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ ।

यसरी लगानी गर्दा गरिवी नक्शाङ्कन, विपन्न वर्गको नक्शाङ्कन, आधारभुत सर्वेक्षणलाई आधार लिन सकिनेछ ।

५) लक्षित समूहमा जाने कार्यक्रम वा आयोजनाबाट सोही समूहका लाभान्वित वर्गले प्रत्यक्ष फाईदा पाउने हुनुपर्नेछ । गाउँपालिकाले यस्तो कार्यक्रम संचालन गर्दा कम्तीमा १० परिवार समेटिएको हुने पर्ने तथा सो सम्बन्धी निर्णय प्रक्रियामा त्यस्ता समूहको सहभागिता हुनुपर्नेछ ।

(६) लक्षित समूह विकास कार्यक्रम अन्तर्गत सामाजिक परिचालन कार्यक्रम लागु गर्दा गाउँपालिकाले वडा समितिबाट छानिएका कार्यक्रम वा आयोजना मात्र कार्यन्वयन गर्नुपर्नेछ ।

(७) लक्षित समूहको कार्यक्रम संचालन गर्दा अनुसूची - १ मा उल्लिखित सबै क्षेत्रलाई समेट्ने गरी सम्बन्धीत लक्षित समूहको मागको आधारमा लक्षित समूहको पूँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार तथा क्षमता विकास भएको मापन गर्न सकिने ठोस कार्यक्रम वा आयोजनमा मात्र रकम विनियोजन एवम् खर्च गर्नुपर्नेछ । लक्षित समूहको नाममा कुनै पनि प्रकारका वितरणमुखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठीजस्ता कार्यक्रममा खर्च गर्न पाइने छैन ।

(८) लक्षित समूहको लागि छुट्याइएको वजेटबाट आयोजना तथा कार्यक्रम संचालन गर्दा लक्षित समूहको कुनै संघ, संगठन वा संस्था मार्फत सिधै अनुदान उपलब्ध गराउन पाईने छैन । कार्यक्रम संचालन गर्दा कार्यविधिमा उल्लेखित आयोजना कार्यान्वयन र स्थानियतहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७४ र अन्य प्रचलित संघिय तथा प्रदेश कानून र कार्यविधिले तोकेका प्रावधानहरु पालना गर्नुपर्नेछ ।

(९) लक्षित क्षेत्रमा गरिएको लगानी अनुसूची - २ बमोजिमको आयोजना लगानी विवरण तालिका ( प्रोजेक्ट फन्डिङ म्याट्रिस) प्रत्येक लक्षित समूहका लागि छुट्टा छुट्टै तयार गर्नु पर्नेछ ।

**११.आर्थिक समाजिक तथा भौतिक पूर्वाधार विकास** : (१) कार्यविधिको दफा ८ को खण्ड (ग) बमोजिम छुट्याइएको रकमबाट स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १२ को उपदफा २ बमोजिम उल्लिखित क्षेत्र लगायत देहायका क्षेत्रमा लगानी गर्नुपर्नेछ :-

(क) यातायात पूर्वाधार क्षेत्रः जिल्ला यातायात गुरु योजनालाई आधार बनाई गाउँपालिका क्षेत्रभित्रको आवश्यकतालाई प्राथमिकता दिई लगानी गर्ने,

(ख) वन, वातावरण संरक्षण, जैविक विविधता, जलवायू परिवर्तन र नवीकरणीय उर्जा,

(ग) खानेपानी तथा सरसफाई, सिचाई, नदी नियन्त्रण,

(घ) सार्वजनिक, ऐलानी र पर्ती जग्गा संरक्षण, आवास, भवन, जग्गा एबम् एकिकृत बस्ती विकास कर्याक्रम,

(ङ) जलस्रोत विकास तथा ग्रामीण विधुतीकरण,

(च) स्वास्थ्य पूर्वाधार,

(छ) शिक्षा पूर्वाधार,

(ज) हाट बजार प्रवर्द्धन तथा व्यवस्थापन,

(झ) सामुदायिक भवन, पुनः स्थापन केन्द्र,

(ञ) जीविकोपार्जन तथा गरिबी न्यूनीकरण,

(ट) आर्थिक विकास पूर्वाधार (कृषिमा आधारित, गैर कृषिमा आधारित, सेवा क्षेत्र),

(ठ) गाउँपालिकाको आन्तरिक आयबृद्धि गर्न गरिने प्रयासहरु,

(ड) पर्यटन, सास्कृतिक, पुरातात्विक र ऐतिहासिक पूर्वाधार विकासका क्षेत्र,

(ढ) फोहोरमैला व्यवस्थापन तथा ढल निकास,

(ण) तथ्यांक सूचना, सडक नक्शांकन तथा घर नम्बरिङ, बस्तुगत विवरण,

(त) भवन संहिताको कार्यन्वयन,

(थ) प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन,

(द) निजी एवम् गैरसकारी क्षेत्रसँग साझेदारीमा सञ्चालन गरिने भौतिक पूर्वाधारसम्बन्धी कार्यक्रमहरु,

(ध) विषयतग क्षेत्रको सशर्त अनुदान कार्यक्रम अन्तर्गत संचालन गरिने कार्यक्रमहरु,

(न) गाउँपालिकामा प्राप्त हुने विप्रेषणको व्यवस्थापन तथा सदुपयोगबाट जीविकोपार्जन कार्यक्रम तर्जुमा,

(फ) रोजगार तथा स्थानीय स्रोतमा आधारित लघुउद्योग विकास कार्यक्रम ।

(२) उपदफा १ अन्तर्गत विनियोजन भएको रकमबाट गाउँपालिकाले (३) तिन लाखभन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न सक्ने छैनन् ।

(३) यस क्षेत्रमा गरिएको लगानीको **अनुसूची - ३** बमोजिमको आयोजना लगानी विवरण तालिका प्रोजेक्ट फण्डीङ म्याट्रिक्स) तयार गर्नुपर्नेछ ।

**१२. प्रवर्द्धनात्मक क्षेत्र** : (१) कार्यविधिको दफा ८ को खण्ड (घ) बमोजिम छुट्याइएको रकमबाट देहायका प्रवर्द्धनात्मक कार्यक्रमका क्षेत्रमा गाउँपालिकाले प्राथमिकीकरण गरी लगानी गर्नुपर्नेछ :-

क) प्रतिनिधी मार्फत गठन गरिएका समूह, उपभोक्ता समुहबाट माग भई आएका स-साना सामाजिक तथा भौतिक पूर्वाधार विकाससम्वन्धी कार्यक्रम वा योजनाहरु ।

ख) गाउँपालिका स्तरिय सरकारी, गैरसकारी तथा सामुदायिक संस्था र निजी क्षेत्रसँगको साझेदारीमा सञ्चालन गर्न सकिने स-साना सामाजिक तथा भौतिक पूर्वाधार विकाससम्वन्धी कार्यक्रम वा आयोजनाहरु ।

ग) संघीय तथा प्रदेश सरकारको नीति तथा प्राथमिकताले समेटेका कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउने सम्वन्धित कार्यक्रमको स्वीकृत योजना खाका (फ्रेमवर्क), कार्यविधि, निर्देशिका बमोजिम सञ्चालन गरिने योजनाहरु ।

(२) प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत मागको आधारमा पुँजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार तथा क्षमता विकास भएको मापन गर्न सकिने ठोस कार्यक्रम वा आयोजनामा मात्र रकम विनियोजन एवम् खर्च गर्न सकिनेछ । कुनै पनि प्रकारका वितरणमुखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठीजस्ता कार्यक्रममा खर्च गर्न पाइने छैन ।

सिलिचोङ गाउँ कार्यपालिकाको कार्यालय

(३) प्रवर्द्धनात्मक कार्यक्रमका लागि छुट्याइएको बजेटबाट कार्यक्रम वा आयोजना संचालन गर्दा यस कार्यविधिमा उल्लिखित आयोजना कार्यन्वयन र स्थानिय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि २०७४ लगायतका प्रचलित कानून र कार्यविधिले तोकेका प्रावधानहरु पालना गर्नु पर्नेछ ।

(४) यस क्षेत्रमा गरिएको लगानीको अनुसूची- ४ बमोजिमको आयोजना लगानी विवरण तालिका ( प्रोजेक्ट फण्डीङ म्याट्रिक्स) तयार गर्नुपर्नेछ ।

**<u>१३. खर्च गर्न निषेध गरिएका विषयहरु</u>** : (१) गाउँपालिकाको कोषको पूँजिगत रकमबाट देहायको क्षेत्र वा विषयमा खर्च गर्न तथा कार्यहरु गर्न पाईने छैन :-

क) कुनै पनि प्रकारको तलब भत्ता, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र कर्मचारी एवम् राजनैतिक पदाधिकारी वा व्यक्तिको पारिश्रमिक तथा कर्मचारी सेवा निवृत्त हुँदा दिईने सुविधासम्बन्धी खर्चहरु,

ख) सवारी साधन मर्मत सम्भार र इन्धन खर्च,

ग) पूँजिगत तर्फको रकम सापटी लिई वा रकमान्तर गरी चालू शिर्षकमा वा चालु प्रकृतिको कार्यमा खर्च गर्न,

घ) घरभाडा, बिजुली, टेलिफोन, पानीको महशुल लगायत कार्यालय सञ्चालन सम्बन्धी खर्च जस्ता चालु प्रकृतिको सबै खर्चहरु,

ङ) विमा, ऋण कारोबार, शेयर लगानी वा बैकमा मुद्दती वा बचत खातामा रकम जम्मा गर्न, तर उत्पादनमूलक कार्यक्रममा गरिने लगानीलाई स्थानीय निकायको शेयरको रुपमा लगानी गर्न बाधा परेको मानिने छैन ।

च) राजनैतिक दल तथा तिनका भातृ वा भगिनी सङ्गठन, संघसंस्था वा व्यक्ति आदिलाई कुनै पनि किसिमको आर्थिक सहायता, चन्दा, पुरस्कार प्रदान गर्न वा संस्थागत वा कार्यक्रमिक सहयोग उपलव्ध गराउन,

छ) दामासाही वा भागवण्डाको हिसाबले बाँडफाँड गर्न,

ज) गाउँसभाबाट आयोजनागत रुपमा बजेट बाडँफाँड नगरी अबण्डाको रुपमा एकमुष्ट रकम राख्न,

झ) गाउँ सभाबाट निर्णय नभएका कार्यक्रम वा आयोजनामा खर्च गर्न,

ञ) गाउँपालिका शिक्षा योजना, विद्यालय सुधार योजना नपरेका कार्यक्रममा खर्च गर्न एवम् शिक्षक तथा विद्यालयको कर्मचारीको तलब भत्ता र पारिश्रमिकमा खर्च गर्न ।

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

(२) यस कार्यविधि बमोजिम कार्यक्रम स्वीकृत नभई विगत बर्षमा वा यसै आर्थिक बर्षमा पनि सम्झौता हुनुपूर्व कार्य सम्पन्न गरिएको भनी भुक्तानी माग गरिएको कार्यक्रम वा आयोजनामा भुक्तानी दिन पाईने छैन ।

(३) वातावरण संरक्षण ऐन २०५३, वातावरण संरक्षण नियमावली, २०५४ तथा समाजिक तथा वातवरणीय सुरक्षाको रुपरेखा, २०६५ मा उल्लिखित प्रावधानहरुको प्रतिकुल छनौट भएका कार्यक्रम वा आयोजनामा लगानी गर्न पाइने छैन ।

**१४. योजना व्यवस्थापन सेवा खर्चसम्बन्धी व्यवस्था :** (१) गाउँपालिकाबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजनालाई पुऱ्याउने विकासका कार्यक्रमका लागी पुँजीगत लगानीको समष्टिगत बजेटबाट गाउँपालिकाको बढीमा ५ प्रतिशतसम्म रकम छुट्याई खर्च गर्न सक्नेछ । यस्तो खर्चको हिसाव अनुसूची - ५ बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

त्यसरी छुट्याईएको ५ प्रतिशत रकम खर्च गर्दा कुल पूँजिगत खर्चको अनुपातमा मात्र खर्च गर्न पाईने छ ।

(२) उपदफा (१) बमोजिम छुट्याएको रकमको खर्च सम्वन्धी कार्ययोजना गाउँपालिका सभाबाट स्वीकृत गराई स्वीकृत शीर्षकको अधिनमा रही देहायका क्रियाकलापहरुमा मात्र खर्च गर्नुपर्नेछ ।

क) आयोजना सर्वेक्षण वा सम्भाव्यता अध्ययन, डिजाइन, ड्इङ लागत अनुमान तथा वातावरणीय, सामाजिक र प्राविधिक अध्ययनसम्बन्धी खर्च,

ख) समावेशी र सहभागितामुलक योजना तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षणसम्बन्धी खर्च,

ग) आयोजना अभिलेख व्यवस्थापन, योजना खाता र रजिष्टर सम्बन्धी खर्च,

घ) कार्यक्रम वा आयोजनाको सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन, जाँचपास तथा प्रतिवेदनसम्बन्धी,

ङ) सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन तथा कार्यविधिमा उल्लिखित पारदर्शिता र उत्तरदायित्व कायम गर्न गराउने विषय,

च) उपभोक्ता समिति गठन, अभिमुखीकरण र उपभोक्ता समितिको प्रशासनिक तथा प्राविधिक सेवा खर्च,

छ) आयोजना व्यवस्थापनका लागि चाहिने अत्यावश्यक प्राविधिक उपकरणहरु,

ज) गुणस्तर परीक्षणका लागि प्रयोगशाला स्थापना गर्न आवश्यक खर्च,

झ) आयोजनासँग सम्बन्धित सामाजिक परिचालन कार्य ।

(३) उपदफा (१) बमोजिम एकमुष्ट रुपमा (कन्टेन्जेन्सी) आयोजना व्यवस्थाापन सेवा खर्च छुट्टायाएपछि आयोजनागत रुपमा लागत अनुमान तयार गर्दा छुट्टै कन्टेन्जेन्सी रकम छुट्याउन पाईने छैन ।

## परिच्छेद - ३

## योजना तर्जुमा एवम् आयोजना छनौट

**१५. योजना तर्जुमा समिति गठन र आयोजनाको छनौट** : (१) गाउँपालिकाबाट सञ्चालन गरिने कार्यक्रम वा आयोजना प्रस्तावहरु छनौट गरी सिफाशिस गर्ने प्रयोजनका लागि स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६७ बमोजिम देहाय बमोजिमको एकीकृत योजना तर्जुमा समिति रहनेछ :-

क) गाउँपालिका उपाध्यक्ष - संयोजक

ख) विषयगत क्षेत्र हेर्ने गाउँ कार्यपालिकाको सदस्यहरु - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) योजना महाशाखा, विभाग वा शाखा प्रमुख - सदस्य सचिव

**१६. योजना तर्जुमा समितिको काम, कर्तव्य र अधिकार** : (१) कार्यविधिको दफा १४ बमोजिम गठित एकीकृत योजना तर्जुमा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) आगामी आर्थिक बर्षको नीति तथा कार्यक्रमको प्रस्ताब तयार गर्ने ।

ख) बजेट तथा योजनाको प्रस्तावलाई विषयक्षेत्रगत रुपमा छलफल गर्ने व्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गाउँ कार्यपालिकामा प्रस्तुत गर्ने ।

वडा समितिबाट प्राथमिकताक्रमको आधारमा छनौट भई आएका कार्यक्रम वा आयोजनाको अनुमानित बजेट सीमाको अधीमा रही क्षेत्रगत रुपमा छुट्टाछुट्टै प्राथमिकीकरण गरी अन्तिम सूची तयार गर्ने ।

(ग) कार्यक्रम वा योजनाको प्राथमिकीकरण गर्दा क्रमागत आयोजनामध्ये आवश्कताको आधारमा निष्पक्षता र यथार्थतालाई जोड दिईने ।

(घ) सरकारी तथा गैर सरकारी क्षेत्रबाट सञ्चालन गरिने कार्यक्रमको बारेमा समन्वय गर्ने ।

(ङ) आयोजना छनौट गर्दा क्षमता विकासम्बन्धी आयोजना, समाजिक परिचालन, पूँजिगत लगानीका क्षेत्रका कार्यक्रम वा आयोजना, प्रबर्द्धनात्मक कार्यक्रमहरु र लक्षित समूह (महिला, बालबालिका, अतिविपन्न, अल्पसंख्यक र पिछडिएका समुदायहरु) को छुट्टाछुट्टै आयोजना लगानी सुची र आयोजना लागत रकमको सूची पेश गर्ने ।

च) गाउँपालिका भित्र सञ्चालन हुने आयोजनामा दोहोरोपना आउन नदिने र कार्यक्रम वा आयोजना बीच पारस्परिक सम्बन्ध एवम् परिपूरकता कायम गर्ने ।

छ) गाउँपालिका कोषको अन्तिम लेखापरीक्षण प्रतिवेदनले औंल्याएका विषयहरुमा छलफल गरी पृष्ठपोषण गर्ने ।

ज) बजेट तथा योजना तर्जुमा सम्बन्धि सिलिचोङ गाउँपालिकाको आवश्यक्ता बमोजिम अन्य कार्यहरु गर्ने ।

(२) समितिले देहाय बमोजिमको कार्यविधि उपनाउनेछ :- (क) समितीले आफ्नो गाउँपालिकाको क्षेत्रभित्र रहेका स्थानीय सरकारी एवम् गैर सरकारी क्षेत्रका विषयगत प्रतिनिधिहरु तथा विषयगत ज्ञान भएका व्यक्तिहरुलाई आमन्त्रण गरि बजेट तथा आयोजनाका सम्बन्धमा छलफल चलाउन सक्नेछन ।

ख) समितिका कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्न सक्नेछ ।

ग) समितिले आवश्यकता अनुसार सम्बन्धित विषयगत निकायबाट आवश्यक राय सल्लाह, सुझाव लिन सक्नेछ ।

घ) समितिको कार्यविधिसम्बन्धी अन्य व्यवस्था सो समिति आफैले निर्धारण लागु गर्नसक्नेछ ।

**<u>१७. आयोजनाको प्राथमिकताकम निर्धाण</u>** :(१) स्थानियतहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को  दफा ३ मा उल्लिखित आधारहरु लगायत देहायका आधारमा कार्यक्रम वा आयोजनाहरुको प्राथमिकीकरण गर्नुपर्नेछ :-

क) नेपाल सरकारले लिएका राष्ट्रिय लक्ष्यहरु, भुकम्प पछिको पुर्ण-निर्माण, राष्ट्रिय सरसफाई रणनीति, अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धता र सोबाट सिर्जित दायित्वलाई प्राथमिकता दिनुपर्नेछ ।

ख) गाउँपालिकाबाट सञ्चालन हुने आयोजनाहरुको छनौट गर्दा क्रमागत आयोजनाहरु सम्पन्न गर्ने गरी र नयाँ आयोजनाको हकमा विस्तृत डिजाइन र लागत अनुमान तयार भइसकेको आयोजनालाई बजेट व्यवस्था गर्न उच्च प्राथमिकता दिनुपर्नेछ ।

ग) स्थानीय सम्भावनालाई ख्याल गर्दै स्थानीय तहको श्रोत परिचालन गर्न योगदान पुऱ्याउने कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गर्नुपर्नेछ ।

घ) क्रमागत एवम् अधुरा रहेका कार्यक्रम वा आयोजनाहरु तथा थोरै रकममा मर्मत सम्भार गरी पुनः सञ्चालनमा ल्याउन सकिने कार्यक्रम वा आयोजनाहरु लाई प्राथमिकरण गरिनु पर्नेछ ।

ङ) गाउँपालिकाले पहिचान गरेका लक्षित समूहका मागलाई सम्बोधन गरिनु पर्नेछ ।

सिलिचोङ गाउँपालिकाको कार्यालय

च) स्थानीय स्रोत, साधन, श्रम, सीप र प्रविधि प्रयोग हुने प्रकृतिका तथा तत्काल रोजगार सृजना गर्ने एवम् आय आर्जनमा वढवा लिनु पर्नेछ ।

छ) प्रतिस्पर्धात्मक तथा तुलनात्मक लाभका बस्तु तथा सेवाको उत्पादन तथा प्रवर्द्धन हुने कृषि, गैर कृषि र सेवा क्षेत्रका कार्यक्रम वा आयोजनाहरुलाई महत्वका साथ संचालन गर्नु पर्नेछ ।

ज) गाउँपालिकाको आन्तरिक आय बृद्धि गर्ने कार्यक्रमहरु संचालन गरिनु पर्नेछ ।

झ) समान प्रकृतिका आयोजनाहरु मध्ये वढी जनसहभागिता एवम् लागत सहभागिता जुटाउन सकिने आयोजनाहरु प्राथमिकरणको सुचीमा समेट्ने पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आधारमा कार्यक्रम वा आयोजनाहरु छनौट गर्दा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने किसिमका उत्पादमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने योजना तथा कार्यक्रमहरु प्राथमिकरण गर्नु पर्नेछ ।

(३) स्थानीय सहभागीता जुट्ने स्यवं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने र स्थानीय स्रोत साधन र सीपको अधिकतम् प्रयोग हुने कार्यक्रम, महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने कार्यक्रम, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने, भाषिक तथा सास्कृतिक पक्षको जगर्नेना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने योजना तथा कार्यक्रम समेतलाई समेटिएको हुनु पर्नेछ ।

**<u>१८. योजना तर्जुमाका प्रकृयाहरु</u> :** (१) गाउँपालिकाको योजना तर्जुमा प्रक्रिया स्थानिय तहको बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्त्रण निर्देशिका, २०७४ र स्थानिय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को अधीनमा रही देहाय बमोजिम हुनेछ :-

क) गाउँपालिकाको संचित कोषमा प्राप्त सवै प्रकारको रकमलाई एकीकृत गरी एउटै डालोमा राखी प्राप्त मार्गदर्शन तथा आवधिक योजना तयार भएको भए त्यसले निर्धारण गरेको प्राथमिकताका आधारमा एकीकृत योजना तर्जुमा समितिको बैठकबाट क्षेत्रगत रुपमा प्राथमिकता निर्धारण र वडागत बजेट पूर्वानुमान तयार गर्नु पर्नेछ ।

त्यस्ता बस्तुका बासिन्दालाई विकासको मुलप्रवाहमा ल्याउने रणनीति अवलम्बन गर्नुपर्नेछ ।

ख) बजेट पूर्वानुमान गर्दा आर्थिक, सामाजिकरुपमा पछाडिएका बस्तीमा लगानी केन्द्रित गर्ने गरी त्यस्ता बस्तीका बासिन्दालाई विकासको मूलप्रवाहमा ल्याउने रणनीति अवलम्वन गर्नु पर्नेछ ।

ग) बजेट पूर्वानुमान तयार गरी सकेपछि आयोजना छनौटका आधारसमेत खुलाई वडागत रुपमा कार्यक्रम वा आयोजनाको छनौट गरी पठाउन सम्बन्धित वडा समितीलाई जानकारी गराउनु पर्नेछ ।

घ) बजेट पूर्वानुमान बमोजिम कुन क्षेत्रमा कति सम्म लगानी गर्न सकिने हो सोको बारेमा स्थानीय जनप्रतिनिधिहरु एवम् सञ्चारका माध्यमहरु मार्फत समुदायस्तरमा जानकारी गराउनु पर्नेछ ।

ङ) योजना तर्जुमा प्रक्रिया आर्थिक रुपमा बिपन्न बस्तीस्तरबाट सुरु हुनेछ । बस्तीमा बसोबास गर्ने नागरिकहरु विशेष गरेर अतिविपन्न एवम् पिछडिएका समूह र समुदायस्तरमा रहेका समूह र सामुदायिक संस्थाहरु समेतको संयुक्त भेलाले पहिचान गरेका कार्यक्रम वा आयोजनाहरुको सूची तयार गर्नुपर्नेछ ।

च) यसरी सूची तयार गर्दा लाभान्वित समूहका प्रस्तावहरु (उपभोक्ता समूह र सामुदायिक संस्था) ले आफुले परिचालन गर्न सक्ने स्रोत तथा जनसहभागिताको अंश र आयोजनाको दीगो सञ्चालन तथा मर्मत सम्भारसम्बन्धी व्यवस्था स्पष्ट रुपले खुलाउनुपर्नेछ ।

छ) योजना तर्जुमा तथा कार्यान्वयनमा हरेक चरणमा लैङ्गिक मूलप्रवाहीकरण, सामाजिक समावेशिकरण तथा समावेशी सहभागीतालाई सुनिश्चित गराउनु पर्नेछ । योजना तर्जुमाको चरणमा कार्यक्रम वा आयोजनाहरुसँग सम्बन्धित निर्देशन एवम् कार्यविधिलाई ध्यानमा राखी कार्यक्रम वा आयोजनाहरु तर्जुमा गर्नुपर्नेछ ।

ज) आफ्नो वडा भित्रका उपभोक्ता वा समूदायबाट प्राप्त सूचीहरु र कार्यक्रम वा आयोजनाहरुलाई विभिन्न कार्यक्रमहरु बीचको अन्तरसम्बन्ध कायम हुने गरी प्राथमिकताक्रम निर्धारण गरी वडा समितिले समूहीकृत र एकीकृत गरी गाउँपालिकामा सिफारिश गरी पठाउनु पर्नेछ ।

झ) आयोजना वा कार्यक्रम र बजेट स्वीकृत गर्दा गाउँपालिकामा सञ्चालन गरिने कार्यक्रम वा आयोजनाहरु कुन संस्था मार्फत कसरी गरिने हो स्पष्ट खाका र जिम्मेवारी तालिका समेत तयार गर्नुपर्नेछ ।

ञ) गाउँपालिकाबाट गरिने निर्माण कार्यस्थलमा सो कामसँग सम्बन्धित विवरणहरु (आयोजनाको नाम, लागत, कार्य सुरु भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अंक, ठेक्का लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भएपछि हुने अपेक्षित परिमाण वा उपलव्धी) देखिने गरी काम सम्पन्न नभएसम्म सर्वसाधरणले देख्ने सक्ने गरी सार्वजनिक गर्नु पर्नेछ ।

ट) गाउँपालिकाले एकीकृत योजना तर्जुमा समितिबाट प्राथमिकीकरण भई आएका कार्यक्रम वा आयोजनाहरुलाई समाबेशी र सहभागितामूलक पद्धतिबाट बार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी गाउँ सभाबाट स्वीकृत गराउनु पर्नेछ ।

**<u>१९. संयुक्त व्यवस्थापन र अन्तर निकाय समन्वय</u>** : (१) योजना पूर्वाधार लगायतका आपसी सहकार्य र समन्वयका अन्य विषयहरुमा एक भन्दा बढी गाउँपालिका लाभान्वित हुने देखिएमा स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा २६ बमोजिमको देहायका विषयमा अन्य गाउँपालिका सँग साझेदारी, सम्झौता वा संयुक्त व्यवस्थापन गर्न सक्नेछ ।

क) बृहत पूर्वाधार निर्माण, ठुला मेसिन तथा औजार खरिद र व्यवस्थापन,

ख) विपद् व्यवस्थापन र वातावरण संरक्षण,

ग) यातायातको संचालन तथा व्यवस्थापन,

घ) फोहोरमैला विर्सनस्थल वा प्रशोधन प्रणालीको विकास र सञ्चालन,

ङ) मेडिकल तथा एम्बुलेन्स सेवाको सञ्चालन,

च) बस्ती विकास तथा भू-उपयोग योजना,

छ) पर्यटन, प्रवन्ध तथा संस्कृतिको प्रवर्द्धन र विकास,

ज) संयुक्त उद्यम,

झ) आधारभुत तथा माध्यमिक तहको प्राविधिक शिक्षाको सञ्चालन, प्रवर्द्धन र विकास,

ञ) अन्तरस्थानीय तह भगिनी सम्बन्ध,

ट) असल अभ्यास र अनुभवका आदन प्रदान,

ठ) भौतिक तथा आर्थिक सहयोग,

ड) अन्य उपयुक्त विषय ।

(२) यस्ता किसिमका कार्यक्रम वा आयोजना गर्दा जिल्ला समन्वय समितिले आवश्यक सहजीकरण गर्न सक्नेछ ।

**<u>२०. सम्भाव्यता अध्ययन</u>** : (१) गाउँपालिकाले एक करोड भन्दा बढी लागतका भौतिक पूर्वाधारका आयोजनाहरुको गाउँ सभाबाट स्वीकृत हुनु अगाडि नै सम्भाव्यता अध्ययन गराउनु पर्नेछ ।

२) संभाव्यता अध्ययन गर्दा सामाजिक, आर्थिक, वातावरणीय एवम् प्राविधिक पक्षका साथै लागत अनुमान, नक्सा, डिजाईन, आयोजनाको दीगोपना सम्बन्धि न्यूनतम विषयहरुको बृस्तृत विवरण प्रतिवेदन समावेश गर्नुपर्नेछ ।

## <u>परिच्छेद - ४</u>

## <u>आयोजना सञ्चालन एवम् व्यवस्थापन</u>

**२१. आयोजना कार्यान्वयन विधी :** (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र स्थानिय तहको प्रचलित कानूनको अधिकार क्षेत्र भित्र रही निर्माण गरेका ऐन नियम अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

सिलिचोङ गाउँ कार्यपालिकाको कार्यालय

क) कार्यक्रम वा आयोजना कार्यन्वयन गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली, आर्थिक कार्यविधि ऐन तथा नियमावली र स्थानीय तहहरुको स्थानीय तहको प्रचलित कानुनको अधिनमा रहि खर्च गर्ने अख्तियारीमा उल्लिखित मार्गदर्शन तथा र्शतहरु समेतको पालना गरी खर्च गर्नुपर्नेछ ।

ख) गाउँपालिकाले आर्थिक बर्ष शूरु भएको एक महिना भित्र आफ्नो बार्षिक खरिद गुरुयोजना स्विकृत गरी सो अनुरुप खरिद कार्यको व्यवस्थापन गरि सार्वजनिक खरिद ऐन, २०६३, आर्थिक प्रशासन नियमावलीको परिच्छेद-७ बमोजिम बार्षिक खरिद योजना बनाई कार्यान्वयनमा ल्याएको हुनुपर्नेछ ।

ग) कार्यक्रम वा आयोजना सञ्चालन गर्दा सामाजिक परिचालनका पक्षलाई समेत विशेष ध्यान दिई विकास साझेदारहरु, विषयगत कार्यालयलाई संलग्न गराउने र यस्ता अभियानमा सामुदायिक संस्था तथा गैर सरकारी संस्थाहरुको समेत सहयोग लिन सकिनेछ ।

घ) गाउँपालिकाबाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा बढीमा पन्ध्र दिन भित्र उपभोक्ता समिति गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित लाभग्राही समूहलाई जानकारी दिनुपर्नेछ। साथै यस कार्यविधिको दफा २२ को उपदफा (१) बमोजिम प्रतिवेदन प्राप्त भएपछि मात्र कार्यान्वयन सम्बन्धि सम्झौता गर्न सकिनेछ ।

ङ) बार्षिक कार्ययोजना तथा खरिद योजना अनुसार समयमै कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि आर्थिक बर्षको पहिलो चौमासिक भित्रै लागत अनुमान, डिजाईन तयार गरी विनियोजित बजेटको अधिनमा रही ठेक्कापट्टा मार्फत कार्य गराउनु पर्ने भएमा बोलपत्र सम्बन्धी सम्पूर्ण प्रक्रियाहरु पूरा गरिसक्नु पर्नेछ ।

च) कार्यक्रम वा आयोजना सञ्चालन गर्दा पेश्की दिने कार्यलाई निरुत्साहित गरी कामको आधारमा भुक्तानी दिने प्रणाली अवलम्बन गर्दै पेश्की शुन्य अभियानको शुरुआत गर्नुपर्नेछ ।

छ) कार्यक्रम वा आयोजना सञ्चालन गर्दा त्यस्ता कार्यक्रम वा आयोजनाले वातावरणीय असर देखिन सक्ने सम्भावना भएमा वातावरण संरक्षण ऐन, २०५३, वातावरण संरक्षण नियमावली, २०५४ र सामाजिक तथा वातावरणीय सुरक्षाको रुपरेखा, २०६५ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (आई.इ.इ) वा वातावरणीय प्रभाव मूल्याङ्कन (ई.आई.ए) गरेरमात्र सञ्चालन गर्नु पर्नेछ ।

ज) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा गैरसरकारी संस्थाबाट सञ्चालन, रेखदेख र मर्मत सम्भार गर्ने कार्यका लागि प्रोत्साहन गर्नुपर्नेछ ।

झ) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समिति वा अन्य निकायले स्थानीय निकायबाट प्राप्त गर्ने रकम बैङ्किङ सुविधा प्राप्त नभएको स्थानमा राष्ट्रबैङ्कबाट इजाजत प्राप्त अन्य वित्तीय संस्थामा खाता खोली सञ्चालन  गर्न सक्नेछन् ।

ञ) आयोजनाको लागत अनुमान अनुसारका खरिद गर्नुपर्ने निर्माण सामग्रीहरु स्वीकृत खरिद योजना बमोजिम तोकिएको समयभित्रै खरिद ऐन, नियमावली बमोजिम उपभोक्ता समिति वा आयोजना कार्यान्वयन गर्ने निकाय आफैले वा यस्ता निकायहरुको अनुरोधमा गाउँपालिका आफैले खरिद व्यवस्था गर्न सक्नेछ ।

ट) प्रचलित कानून बमोजिम आयोजनाको हिसाव किताव राख्ने जिम्मेवारी कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समिति, संस्था, निकाय वा व्यक्तिको हुनेछ ।

ठ) गाउँपालिकाबाट सञ्चालित आयोजनाको विवरण राख्ने, नगदी जिन्सीको लेखा दुरुस्त राख्ने, आन्तरिक लेखा परिक्षण गराउने, नियमित रुपमा भौतिक एवम् वित्तीय प्रगति प्रतिवेदन सम्बन्धीत निकायमा पठाउने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

ड) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समिति, संस्था, निकाय वा व्यक्तिले सम्झौता अनुसार निर्धारित समयमा कार्यक्रम वा आयोजना सम्पन्न गर्नुपर्नेछ । जानाजान वा लापरवाहीको कारणबाट तोकिएको समयमा कार्य सम्पन्न नगर्ने त्यस्ता उपभोक्ता समिति, संस्था, निकाय वा व्यक्ति आदिसँग स्थानीय निकायले सम्झौता भंग गरी त्यस्तो कार्यबाट भएको क्षतिपूर्ति समेत भराई गाउँपालिकाको कालो सूचीमा राखी गाउँपालिकाले अर्को वैकल्पिक व्यवस्था गर्न सक्नेछ ।

ण) गाउँपालिकाले **दुई लाख** रुपैयाभन्दा माथिका आयोजनाको **अनुसूची-६** बमोजिम आयोजनाको लागत खाता राख्नु पर्नेछ ।

त) गाउँपालिकाबाट सञ्चालित सबै आयोजनाको आयोजना स्थलमै सार्वजनिक परीक्षण गर्नुपर्नेछ ।

थ) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि १ करोड रुपैयासम्म लागत अनुमान भएका कार्यक्रम वा आयोजना उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउन प्राथमिकता दिनुपर्नेछ ।

(२) आयोजना कार्यन्वयन गर्दा कार्यान्वयन तालिका निर्माण गरी स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७४ को अनुसुची (२) बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ । सम्झौतामा उपभोक्ता समितिले पालना गर्नुपर्ने आचारसहिंता लगायतका अन्य आवश्क कुराहरु गाउँपालिकाले थप गर्नसक्नेछ ।

**२२. आयोजनको लागत अनुमान सम्बन्धी व्यवस्था** : (१) गाउँपालिकाले आयोजनाहरुको लागत अनुमान, नक्शा र डिजाईन गाउँपालिकाको सम्बद्ध प्राविधिक कर्मचारी वा उक्त प्रयोजनका लागि खटिएका इन्जिनियर, सब ईन्जिनियर र असिष्टेन्ट सब इन्जिनियर वा विषय सम्बद्ध प्राविधिकबाट गराउनु पर्नेछ ।

(२) आयोजनाहरुको लागत अनुमान (डिजाइन, इष्टिमेट) तयार गर्दा गाउँपालिकाको प्रचलित दररेट र ढुवानी लागतको आधारमा निर्माण सामग्रीको विवरण समेत खुलाई सर्वसाधारणले बुझ्नेगरी नेपाली

भाषामा तयार गर्नुपर्नेछ । तर प्राविधिक दृष्टिकोणले प्राविधिक शब्दावलीहरु नेपाली भाषामा अनुवाद गर्न सम्भव विस्तृत लागत अनुमान अंग्रेजीमा तयार गरी लागत तेरिज (अब्स्ट्राक्ट अफ कस्ट) सर्वसाधारणले बुझ्ने गरी नेपाली भाषामा तयार गर्नुपर्नेछ ।

(३) लागत अनुमान तयार गर्दा श्रमुलक तवरबाट काम हुनसक्ने कार्यलाई सोही बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ । प्राविधिक दृष्टिकोणबाट श्रममूलक तवरबाट काम हुन नसकी मेसिनरी उपकरणको प्रयोग गर्नुपर्ने भनी सम्बन्धित प्राविधिकबाट कारण सहितको सिफारिश प्राप्त भएमा सोही अनुसार स्वीकृत मापदण्ड बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ ।

(४) लागत अनुमानको परीक्षण र स्वीकृति आर्थिक प्रशासन नियमावली बमोजिम गर्नुपर्नेछ ।

**२३. उपभोक्ता समितिसम्वन्धी व्यवस्था** : उपभोक्ता समितिको गठन, सञ्चालन, व्यवस्थापन एवम् कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७४ एवम् स्थानिय निकायको आर्थिक प्रशासन नियमावलीको नियम १५५ र १५६ समेतका आधारमा देहाय बमोजिमका प्रावधानहरु समेत पालना गर्नु पर्नेछ :-

(क) उपभोक्ता समितिबाट आयोजना कार्यान्वयन र सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको पहिचान गरी त्यस्ता घरपरिवारको आम भेलाबाट सम्वन्धित आयोजना स्थलमा नै सातदेखि एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ । उपभोक्ता समितिका सदस्यहरुले आफ्नो नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

(ख) गाउँपालिकाका बहालवाला पदाधिकारी वा  सदस्य, राजनीतिक दलको प्रतिनिधिको रुपमा स्थानीय निकायको कुनै पनि पदमा आसिन व्यक्ति, बहालवाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा बेरुजु, पछ्यौट नगरेको व्यक्तिहरु, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको तीन बर्ष ननाघेको व्यक्ति, सार्वजनिक सम्पति हिनामिना गरेका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन् ।

(घ) उपभोक्ता समितिका सदस्यहरुमा कम्तीमा ३३ प्रतिशत अनिवार्य महिला हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना अनिवार्य महिला पदाधिकारी हुनुपर्नेछ । उपभोक्ता समिति गठन गर्दा समावेशी हुनका साथै उपभोक्ता समितिका आवद्ध व्यक्तिहरु सामान्यतय साक्षर हुनुपर्नेछ ।

(ङ) एउटै समयमा एकै व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन साथै एकाघर सगोलका परिवारबाट एकजनाभन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाइने छैन ।

गाउँपालिकाको कार्यालय

(च) गाउँपालिका स्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समितिको गठन गर्दा कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य वा कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ । उपभोक्ता समिति गठन गरे पछि सो सम्बन्धी प्रतिवेदन गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(छ) वडा स्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समिति गठन गर्दा सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

(ज) संघीय तथा प्रदेश र स्थानीय तहको प्रचलित ऐन, नियम, प्रक्रिया, कार्यविधि र मापदण्ड विपरित उपभोक्ता समिति वा अनुगमन समिति गठन गरेको वा सिफारिस गरेको पाईएमा यसरी गठन वा सिफारिश गर्ने कार्यपालिकाको सदस्य वा कार्यालयको प्रतिनिधि समेतलाई कारवाही हुनेछ ।

(झ) उपभोक्ता समितिको गठन सम्भव भएसम्म सर्वसहमतिको आधारले गर्नुपर्नेछ ।

(ञ) गाउँपालिकाबाट कार्यक्रम/आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यक्रम वा आयोजनाको हकमा उपभोक्ता समिति गठन गरी, समिती गठन भएको बढीमा (१५) पन्ध्र दिन भित्र सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित लाभग्राही समूहलाई जानकारी दिनुपर्नेछ । तोकिएको समयभित्र उपभोक्ता समिति गठन भई आउन नसकेमा सम्बन्धित वडा समितीले सहजीकरण गर्नेछ । उपभोक्ता समिति गठन हुन नसकेमा अन्य बैकल्पिक माध्यमबाट आयोजना सञ्चालन गर्न सकिनेछ ।

(ट) गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागीता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने छ । यसरी नगद सहभागिता तोकिएको अवस्थामा उपभोक्ता समितिको तर्फबाट व्यहोर्नुपर्ने सहभागिता बापतको रकम गाउँपालिकाको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गरिनेछ ।

(ठ) नगद लागत सहभागिता नजुट्ने गरी आयोजना स्वीकृत भएको अवस्थामा स्थानीय निकायले योजना सम्झौता गरी निर्धारण गरे बमोजिम जनसहभागिता बराबरको काम गरेको प्राविधिक मूल्याङ्कन सहितको प्रतिवेदन प्राप्त भएपछि कार्यप्रगतिको आधारमा आयोजनाको लागि गाउँपालिकाले उपलव्ध गराउने रकमबाट भुक्तानी गर्नुपर्नेछ । श्रम लागत सहभागिताको व्यवस्था नभएको कुनैपनि योजना उपभोक्ता समिति मार्फत संचालन गर्न पाइने छैन ।

(ड) यस कार्यविधि बमोजिम कार्यक्रम स्वीकृत नभई विगत बर्षमा वा यसै आर्थिक बर्षमा पनि सम्झौता हुनुपूर्व कार्य सम्पन्न गरिएका भनी भुक्तानी माग गरिएको कार्यक्रम वा आयोजनाहरुमा र आ.व.को अन्त्यमा काम भैसकेको देखाए पछि काम गर्ने गरी उपभोक्ता समितिलाई रकम भुक्तानी दिन पाइने छैन । उपभोक्ता समितिले स्वीकृत कार्यक्रम बमोजिम गरेको कामको मात्र भुक्तानी दिनु पर्नेछ ।

(ढ) तोकिएको काम भन्दा वढी गर्न वा काम नै नगरी वा वास्तविक कामभन्दा वढी काम गरेको देखाई अथवा कुनै सम्झौतामा उल्लेख कार्यविवरणको सट्टा अर्को कार्य पूरा गरेको देखाई आगत अनुमानभन्दा

सिलगढी गाउँ कार्यपालिकाको कार्यालय

वढी रकम माग्ने उपभोक्ता समितिलाई उक्त रकम भुक्तानी नदिई कालो सूचीमा राखी कारवाही गर्नुको अतिरिक्त सम्बन्धित प्राविधिकलाई समेत कारवाही गर्नु पर्नेछ ।

(ण) उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार लगायत आयोजना लागत, निर्माण सामग्रीको परिमाण, आयोजनाको गुणस्तर, राख्नुपर्ने खाता, किस्ता निकासा तथा भुक्तानी प्रक्रिया, पारदर्शिता, अनुगमन सम्बन्धी व्यवस्थाका बारेमा कार्यक्रम र आयोजना सम्झौता हुनुपूर्व एक वा सोभन्दा बढी उपभोक्ता समितिहरुका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई सामुहिक रुपमा अनुशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(त) उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । खाता संचालकहरुको तीनपुस्ते खुलेको आयोजना खाता गाउँपालिकाको कार्यालयमा अभिलेख राख्नुपर्नेछ । उपभोक्ता समितिको गठन र यसको बैठकका निर्णयहरुको अभिलेख उपभोक्ता समितिको सचिवले राख्नुपर्नेछ ।

(थ) उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना अनुसूची- ७ बमोजिम सार्वजनिक गर्नुको साथै सम्बन्धित उपभोक्ता र गाउँपालिकालाई जानकारी गराउनु पर्नेछ । सम्बन्धित निकायबाट कुनै पनि समयमा उपभोक्ता समिति तथा आयोजना कार्यान्वयन गर्ने निकाय वा संघ-संस्थाको आर्थिक कारोबारको बारेमा जाँचबुझ वा निरीक्षण गर्न सकिनेछ ।

(द) यस कार्यविधि बमोजिम उपभोक्ता समितिबाट गरिने कार्य लाभग्राही समूह, सामुदायिक संस्था जस्तै (सामुदायिक वन, सामुदायिकस्तरका सहकारी संस्थाहरु, टोल विकास संस्था, आमा समूह, कृषि समूह, सामुदायिक संगठन आदि) कार्यक्रम वा आयोजना सञ्चालन गर्न इच्छुक भएमा छुट्टै उपभोक्ता समिति गठन नगरी सञ्चालन गर्न सकिने भएमा त्यस्ता समूह मार्फत यस कार्यविाधि अनुसार कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(ध) उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नु पर्ने काम समिति आफैले गर्नु गराउनु पर्नेछ । अन्य कुनै निर्णय व्यवसायि वा अन्य व्यक्ति वा संस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन ।

(न) उपभोक्ता समिति मार्फत सञ्चालन गरिने आयोजनाहरु श्रममुलक प्रविधिमा आधारित रही स्थानीय श्रमको उपयोग र परिचालनलाई उच्च प्राथमिकता दिनु पर्नेछ । श्रममुलक प्रविधिबाट कार्य गराउने गरी लागत स्वीकृत गराई सोही बमोजिम सम्झौता गरी मेशीनरी उपकरणको प्रयोगबाट कार्य गरेको पाइएका त्यस्तो उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी उपभोक्ता समितिलाई भुक्तानी गरिएको रकम मूल्यांकन गरी बढी भएको रकम सरकारी बाँकी सरह असुल उपर गर्नुपर्नेछ ।

(प) उपभोक्ता समितिसँग सम्झौता गर्नु अगाडि गाउँपालिकाको योजना शाखा वा योजना सम्बन्धी काम गर्ने कर्मचारीले प्रचलित कानून, कार्यविधि, निर्देशिका बमोजिम आश्यक कागजात सहित

शिवनाथ गाउँकार्यपालिकाको कार्यालय

उपभोक्ता समिति गठन भए नभएको बारे एकिन गरी आफ्नो स्पष्ट राय साथ सम्झौताका लागि निर्णय गर्ने अधिकारी समक्ष पेश गरी निर्णय भए बमोजिम गर्नुपर्नेछ ।

(फ) गाउँपालिका र उपभोक्ता समिति बीचमा हुने सम्झौता पत्रमा आयोजनाको लागत, कार्य प्रारम्भ र सम्पन्न हुने अवधि, उपभोक्ता समितिले गर्ने योगदानको प्रकार र रकम, सम्बन्धित उपभोक्ताद्वारा सञ्चालन र मर्मत सम्भार गर्नुपर्ने विषय आदि उल्लेख गर्नुपर्नेछ ।

(ब) उपभोक्ता समितिलाई गाउँपालिकाले लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास लगायत अन्य प्रविधिक सहयोग उपलव्ध गराउनुपर्नेछ । गाउँपालिकाबाट प्राविधिक सेवा उपलव्ध गराउन कुनै कारणले सम्भव नभएमा सम्झौतामा उल्लेख गरी तोकिएको खर्चको सीमा भित्र रही उपभोक्ता समितिले आफ्नै तर्फबाट करारमा प्राविधिक नियुक्त गर्न वा प्राविधक सहयोग लिन सक्नेछ ।

(भ) उपभोक्ता समितिले कार्यक्रम सञ्चालन गर्दा उपभोक्ता समूहको निर्णयको आधारमा गर्नुपर्नेछ, आयोजनाको निर्माण कार्य गाउँपालिकाको तर्फबाट तोकिएको प्राविधिकले तयार गरेको लागत अनुमान तथा प्राविधिक सल्लाहको अधीनमा रही गर्ने र आयोजना कार्यान्वयन गर्दा गाउँपालिकाको स्रोत, साधन र श्रम शक्तिको अधिकतम परिचालन गर्ने गरी गर्नुपर्नेछ ।

(म) उपभोक्ता समितिले मासिक रुपमा बैठक बस्नुपर्नेछ र सो बैठकबाट भएको निर्णय गाउँपालिकालाई जानकारी गराउनु पर्दछ । आयोजना सञ्चालन, संरक्षण र मर्मत सम्भार गर्ने, आफूले जिम्मा लिएको काम निर्धारित समयमा सम्पन्न गर्न नसकेका उपभोक्ता समुहको निर्णय सहित थप म्याद माग गर्ने निवेदन गाउँपालिका समक्ष दिनुपर्नेछ । सम्बन्धित कामको प्रगति विवरण गाउँपालिकामा उपलव्ध गराउने, कामको फरफारक गारउनु अघि समिक्षाको लागि उपभोक्ता समूहको बैठक बोलाई बैठकमा राखी छलफल गराउने र यस्तो बैठकको उपस्थिति र निर्णयको प्रतिलिपि सम्बन्धित स्थानीय निकायमा प्रस्तुत गर्ने आदि कार्य सम्पादन गर्नुपर्नेछ ।

(य) उपभोक्ता समिति मार्फत गरिएको निर्माण वा सञ्चालन र निर्माण, संचालन सम्बन्धि हर-हिसावको जानकारी स्थानीय जनताले माग गरेमा उपभोक्ता समितिले उपलव्ध गराउनुपर्नेछ । यसरी माग गरेको विवरण उपलव्ध नगराएको भनी सम्वन्धित उपभोक्ताले उपभोक्ता समिति भंग गर्न उजुरी वा माग गरेमा सम्बन्धित स्थानीय निकायले सो विषयमा सत्य तथ्य बुझी उपभोक्ता समितिको पुन : गठन गर्न उचित ठानेमा, समिति भंग गर्न वा अन्य माध्यमबाट कार्य सम्पन्न गर्न सक्नेछ ।

(र) उपभोक्ता समितिले कामको लागि नियमानुसार प्राविधिक मूल्याङ्कन, सम्झौता अनुसारको नाप जाँच र मूल्य खुलेको रनिङ्गविल, उपभोक्ता समितिको बैठकको प्रतिलिपि समेत राखी गाउँपालिकामा निवेदन दिनुपर्नेछ । यस विवरणको आधारमा रकम उपलव्ध गराईनेछ । उपभोक्ता समिति स्वयम्ले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्नेछ ।

सिलिचोङ गाउँपालिकाको कार्यालय

(ल) उपभोक्ता समितिले कार्य सम्पन्न गरेपछि प्राविधिक जाँचपास र कार्यसम्पन्न प्रतिवेदन प्राप्त गरी सम्बन्धित गाउँपालिकाको अनुगमन समितीको रोहवरमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ । फरफारकका लागि उक्त सार्वजनिक परिक्षणको प्रतिवेदन समेत पेश गर्नुपर्नेछ । अन्तिम भुक्तानी दिदा उक्त योजनाको फोटो र सो अनुसार निर्माण भएको हो भनी उपभोक्ता समितिको निर्णय तथा उपभोक्ता समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षको दस्तखत गराई सम्बन्धित फाईलमा समावेश गर्नु पर्नेछ ।

(व) उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरुको कार्यसम्पन्न भएपछि गाउँपालिकाले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवार समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्दछ । यसरी आयोजनाको हस्तान्तरण भएमा गाउँपालिकाको सहमति लिई उपभोक्ता समितिले सेवा शूल्क लिन सोको नियमित मर्मत सम्भार र सञ्चालनको व्यवस्था गर्न सक्नेछ । यसका लागि आवश्यकता अनुसार कार्यक्रम तथा आयोजना सञ्चालन कार्यविधि तयार गरी गाउँपालिकाबाट स्वीकृत गरी लागू गर्न सकिनेछ ।

**२४. निजी लागत साझेदारी सम्बन्धि व्यवस्था** : (१) गाउँपालिकाले सञ्चालन गर्ने विकास निर्माण लगायत सेवा खरिद र सेवा प्रवाहका कार्यका लागी आर्थिक प्रशासन नियमावलीको नियम १५७ अनुसारका कार्यक्रम/योजनाका लागी लागत निजी साझेदारी अन्तर्गत गराउन सक्नेछ ।

(२) निजीक्षेत्र आकर्षित हुनसक्ने सम्भावित क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रहरुमा साझेदारीमा काम गर्न गाउँपालिकाले निजी क्षेत्रलाई आह्वान गर्नुपर्नेछ ।

(३) यसरी कार्य गराउँदा सार्वजनिक निजी साझेदारी नीति, २०६० एवम् सार्वजनिक निजी साझेदारी कार्यविधि (स्थानीय तहको लागि, २०६१ बमोजिम गर्न गराउनु पर्नेछ ।

(४) गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका गैर सरकारी संस्था, निजी क्षेत्र, सामुदायिक संस्थाबाट सञ्चालन हुने कार्यक्रम वा आयोजनामा परिपूरकता कायम गर्नुका साथै यस्ता संस्थाहरुसँग साझेदारीमा कार्यक्रम वा आयोजनाहरु सञ्चालन एवम् कार्यान्वयन गर्न सक्नेछ ।

**२५. ठेक्कापट्टासम्वन्धी व्यवस्था** : उपभोक्ता समितिबाट कार्य सम्पन्न हुन नसक्ने जटिल र प्राविधिक रुपमा कठिन प्रकृतिका आयोजनाहरुको गाउँपालिकाले प्रचलित कानूनको प्रक्रिया पुऱ्याई ठेक्कापट्टाद्धारा काम गराउनु पर्नेछ । सो सम्वन्धमा छुट्टै कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

**२६. सडक निर्माणसम्वन्धी बिशेष व्यवस्था** : (१) पूर्वाधार विकासबाट अधिकतम लाभ लिनका लागि सडक सुविधा पुग्ने क्षेत्रमा तत्काल रोजगारी र आयआर्जनमा बढावा दिनसक्ने कृषि (कृषि, पशुविकास र मत्स्य विकास) तथा गैर कृषि (लघुउद्योग, उद्यम, व्यवसाय) सम्वन्धी आर्थिक तथा सामाजिक विकासका क्रियाकलापहरु उक्त क्षेत्रमा नै केन्द्रित गरी एक क्षेत्रले अर्को क्षेत्रको विकासमा परिपुरकता कायम हुने गरी सञ्चालन गर्नुपर्नेछ ।

(२) सडकमा लागनी गर्दा नयाँ ट्र्याक खोल्ने कार्यलाई कम प्राथमिकता दिई भैरहेका सडकहरुलाई बाह्रै महिना सञ्चालन गर्न, सडकको स्तरोन्नतिका साथै सडक संरचना र पुल-पुलेसा निर्माणमा प्राथमिकता दिनु पर्नेछ ।

(३) नयाँ ट्र्याक खोल्दा यातायात सेवा सञ्चालन भएको सडक खण्डलाई जोड्ने प्रवेश विन्दुदेखि मात्र क्रमशः निर्माण कार्य गर्नुपर्नेछ । साथै नयाँ ट्र्याक खोल्दा सडकसम्वन्धी सर्शत अनुदान बाहेक अन्य रकमबाट लगानी गर्न पाइने छैन ।

(४) सडक निर्माण कार्यमा कार्यमा ठुलो मेशिनरी उपकरणको प्रयोगमा कम प्राथमिकता दिनु पर्नेछ । तर प्राविधिकको परामर्शमा वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ को साथै सामाजिक तथा वातावरणीय सुरक्षाको रुपरेखा, २०६५ को परिधिभित्र रही वातावरण तथा श्रममैत्री उपकरण प्रयोगमा बाधा पर्ने छैन ।

(५) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र गाउँपालिका लगायत अन्य निकायबाट निर्माण भएका सम्पूर्ण सडकहरुको नक्शाङ्कन एवम् अद्यावधिक विवरण (रोड इन्भेन्ट्री) तयार गरी राख्नु पर्नेछ ।

(६) सम्बन्धित सरोकारवाला निकायको स्वीकृति वेगर वातावरण प्रत्यक्ष रुपमा असर पुऱ्याउने खालका आयोजनाहरु तथा गाउँपालिकाको स्वीकृति वेगर स्थानीयस्तरका सडक निर्माणसम्वन्धी भौतिक पूर्वाधारका आयोजनाहरु सञ्चालन गर्न पाइने छैन ।

(७) सडक निर्माण सम्बन्धी कार्य सञ्चालन गर्नुपूर्व सडकको क्षेत्राधिकार (राईट अफ वे) कायम गर्न लगत कट्टा गर्ने प्रक्रिया शूरु गरेको हुनु पर्नेछ ।

**२७. आयोजना मर्मत सम्भार तथा हस्तान्तरण सम्बन्धी व्यवस्था :** (१) १ करोड रुपैयाभन्दा माथि लागत भएका आयोजनाको हकमा आयोजनाका लागत अनुमान तर्जुमा गर्दा कै समयमा मर्मत सम्भारका लागि रकम छुट्याउन पर्नेछ । सो भन्दा कम लागतका स्थानीय पूर्वाधारसम्बन्धी आयोजनाको हकमा स्थानिय आर्थिक प्रशासन नियमावलीको नियम ५४ को खण्ड (ग) बमोजिमको मर्मत संभार विशेष कोष खडागरि आवश्यक बजेट विनियोजन गरी उक्त कोषबाट मर्मत सम्भारको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) गाउँपालिकाले सञ्चालन गर्ने आयोजना सञ्चालन सम्पन्न भैसके पछि नियमित रेखदेख र मर्मत संभार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समिति, सामुदायिक संस्था वा गैरसरकारी संस्थालाई अनुसुची-८ बमोजिम हस्तान्तरण गरी दीगो सञ्चालन हुने हो सो सम्बन्धमा समेत व्यवस्था मिलाउनु पर्नेछ ।

(३) हस्तान्तरित आयोजनाको नियमित सञ्चालन र मर्मत संभारका लागि उपभोक्ता समिति, गैर सरकारी संस्था वा सामुदायिक संस्थाले सम्वन्धित गाउँपालिकाबाट स्वीकृति लिई आवश्यक सेवाशूल्क तोकी आफ्नो कोष खडा गरि नियमित सञ्चालन र मर्मत संभार गर्न सक्नेछन ।

(४) उपदफा (३) बमोजिमको कोषबाट कोषको बार्षिक आम्दानीको दश प्रतिशत वा पच्चीस हजारमध्ये जुन कम हुन्छ त्यति प्रशासनिक कार्यमा खर्च गर्न सकिनेछ । बाँकी रकम सम्वन्धित आयोजनाको मर्मत संभार र स्तरोन्नतिका लागि खर्च गर्नुपर्नेछ ।

(५) नियमित रुपमा मर्मत संभार नगर्ने आयोजनामा गाउँपालिकाबाट थप लगानी गर्न बाध्य हुनेछैन ।

२८. जन सहभागिता एवम् लागत सहभागिता : (१) कार्यक्रम वा आयोजना तर्जुमा, सञ्चालन, अनुगमन तथा मूल्याङ्कन लगायतका आयोजनाका प्रत्येक चरणमा अत्यधिक मात्रामा सहभागिता जुटाउने प्रयत्न गर्नु गाउँपालिकाको कर्तव्य हुनेछ ।

(२) सहभागिताको मापदण्ड तयार गर्दा आयोजनाको प्रकृति, आयोजनास्थल, उपभोक्ताको क्षमता र गाउँपालिकाले अवलम्वन गरेको नीतिको अधीनमा रही १५ प्रतिशतमा कम नहुने गरी (नगद, श्रम वा स्थानीय सामाग्री) निर्धारण गर्नुपर्नेछ । यस व्यवस्थाले गाउँपालिकालाई सोभन्दा बढी सहभागिताको अंश निर्धारण गर्ने रोक लगाईएको मानिने छैन ।

(३) गाउँपालिकाले सहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार र लक्षित समूहलाई विशेष सहुलियत दिन सक्ने प्रावधान राख्ने सकिनेछ । लागत सहभागिता व्यहोर्ने नसकेको कारणबाट लक्षित समूहलाई आयोजनाको लाभबाट बञ्चित गराइनेछैन ।

**२९. कार्यक्रम वा आयोजना सञ्चालन सम्वन्धी कार्यतालिका** : स्थानीय निकायको कार्यक्रम वा आयोजना सञ्चालन गर्द देहायको समयतालिका अनुसार गर्नुपर्नेछ ।

| सि.न. | कार्यहरु समय तालिका | समय तालिका |
|---|---|---|
| १ | चालु आर्थिक बर्षको बार्षिक कार्य तालिका (खरिद योजना सहित) निर्माण र स्वीकृती । | |
| २ | बार्षिक कार्य तालिका अनुसार उपभोक्ता समितिको गठन र सम्झौता, ठेक्का पट्टा वा अन्य प्रक्रियाबाट आयोजना कार्यान्वयन, व्यवस्थापन र कार्यारम्भ आदेश | |
| ३ | आयोजना सम्पन्न गर्ने अवधि । | बैशाख मसान्तभित्र । |
| ४ | जाँचपास र फरफारक । | आयोजना सम्पनन भएको ३० दिनभित्र । |
| ५ | आगामी आर्थिक बर्षको कार्यक्रम र बजेट तर्जुमा सभाबाट पारित गर्ने । | असरा मसान्तभित्र । |

## परिच्छेद-५

## अनुगमन एवम् मूल्याङ्कन

३०. अनुगमन समिति : (१) गाउँपालिकाले आफ्नो क्षेत्रमा सञ्चालित विभिन्न कार्यक्रम वा आयोजनाहरुको समग्र अनुगमन गर्ने प्रयोजनका लागि स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १६ को उपदफा ४ को १ ख ५ र स्थानिय स्तरको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को ६.२.१ बमोजिम अनुगमन तथा सुपरिवेक्षण समितिको गठन देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) गाउँपालिकाको उपाध्यक्ष - संयोजक

(ख) अध्यक्षले तोकेका एकजना महिला सहित कार्यापालिकाको

सदस्यहरु मध्येबाट दुईजना सदस्य - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) प्रमुख, योजना विभाग/महाशाखा/शाखा - सदस्य

**३१. समितिको काम, कर्तव्य र अधिकार :** उपदफा (१) अनुसार गठन हुने अनुगमन तथा सुपरिवेक्षण समितिको काम कर्तब्य र अधिकार तपशिल बमोजिम हुनेछः-

(क) आयोजना कार्यान्वयनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या सामाधानका लागि आवश्यक निर्देशन दिने,

(ख) आयोजनाको कार्यान्वियन कार्यतालिका अनुसार काम भए नभएको यकीन गर्ने र नगरेको पाइएमा सम्वन्धित पक्षलाई सचेत गराउने,

(ग) विषयगत कार्यालय र अन्य सरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रम वा आयोजनाको समेत अनुगमन गर्ने ।

(घ) गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रम वा आयोजनाको समेत प्रभावकारी अनुगमन गरि सो को प्रतिवेदन सम्बन्धित निकाय र गाउँ कार्यपालिकाको बैठकमा प्रस्तुत गर्नु समितिको कर्तव्य हुनेछ ।

५) समितिले अनुगमनको क्रममा देखिएका विषयमा आवश्यक लेखाजोखा गरी आफ्नो सुझाव सहितको प्रतिवेदन प्रत्येक दुई महिनामा कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ ।

६) समितिले आफ्नो कार्यक्रम वा आयोजनाहरुको सुपरिवेक्षण तथा अनुगमन कार्ययोजना/कार्यपालिका बनाई सोको आधारमा नियमित रुपमा सुपरीवेक्षण, अनुगमन एबम् समीक्षा गर्नुपर्नेछ ।

मिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

७) समिति आफैले अनुगमन गर्नका अलवा आवश्यकता अनुसार बढीमा पाँच सदस्यीय उप-समिति गठन गरी आयोजनाको सुपरीवेक्षण तथा अनुगमन गर्न वा अन्य कुनै पदाधिकारी वा कर्मचारीहरुलाई अनुगमनसम्वन्धी कार्यमा खटाउन सक्नेछ ।

८) अनुगमन सम्बन्धी अन्य व्यवस्था गाउँ कार्यपालिकाको बैठकबाट तोकिए बमोजिम हुनेछ ।

३२. **<u>आयोजना जाँचपास र फरफारक सम्बन्धी व्यवस्था</u>** : (१) गाउँपालिकाले आयोजना सम्पन्न भएको जानकारी प्राप्त भएपछि भौतिक पूर्वाधार आयोजनाको हकमा सम्वन्धित प्राविधिकले पेश गरेको अन्तिम मुल्यांकन, कार्य सम्पन्न प्रतिवेदन र सार्वजनिक परीक्षणको प्रतिवेदन तथा अन्य क्रियाकलापको हकमा सार्वजनिक परीक्षणको प्रतिवेदन आधारमा तीस (३०) दिनभित्र आयोजनाको जाँचपास गरि सक्नु पर्नेछ ।

(२) गाउँपालिकाको विषयगत अन्य निकाय वा संघ सस्थाबाट सञ्चालित आयोजनाको सम्वन्धित निकायबाट कार्यसम्पन्न प्रतिवेदन प्राप्त भएपछि आवश्यक जाँचबुझ गरी तिस (३०) दिनभित्र जाँचपास गरि सक्नु पर्नेछ ।

**३३ प्रभाव मूल्याङ्कनः-** गाउँपालिकाबाट सञ्चालित ५ करोडभन्दा बढी लागतका कार्यक्रम वा आयोजना सम्पन्न भएको २ बर्षपछि तेश्रो पक्षबाट आयोजनाको प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ । यसरी मुल्याङ्कनबाट सिकिएका पाठहरुलाई नँया कार्यक्रम वा आयोजना छनौट तथा कार्यान्वयन गर्दा पृष्ठपोषणको रुपमा लिने पद्धतिको विकास गर्नुपर्नेछ ।

## <u>परिच्छेद - ६</u>

## <u>बजेट अख्तियारी र निकासा प्रक्रिया</u>

**३४. बजेट अख्तियारी र खर्च गर्ने कार्यविधिः** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा (७३) बमोजिम बजेट अख्तियारी खर्च देहाय बमोजिम गर्नु पर्नेछ ।

(१) गाउँ सभाबाट बजेट स्वीकृत भएको सात दिन भित्र अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अख्तियारी प्राप्त भएको १५ दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले सम्वन्धित महाशाखा वा शाखा प्रमुख र वडा सचिवहरुलाई कार्यक्रम वा आयोजना र बेजट सहित प्रचलित कानून बमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम अख्तियारी प्राप्त भएको रकम स्वीकृत बजेटको परिधि भित्र रही प्रचलित कानून बमोजिम खर्च गर्ने, लेखा राख्ने वा राख्न लगाउने, लेखापरीक्षण गराउने, बेरुजु फर्छयौट गर्ने समेतको लेख सम्वन्धी सम्पूर्ण उत्तरदायित्व अख्तियार प्राप्त अधिकारीको हुनेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त, निकास तथा भुक्तानी गर्दा संघीय महालेखा नियन्त्रक कार्यालयले तोकिदिएको मापदण्ड बमोजिम हुनेगरी एकल खाता कोष प्रणाली अवलम्वन गरिनेछ ।

(५) खर्च खाताको सञ्चालन गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीले गर्नेछ ।

(६) गाउँ सभाबाट कार्यक्रम वा आयोजनाका लागी स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न पाईने छैन ।

३५. **<u>कोष व्यवस्थापन</u>** : (१) गाउँपालिकाले संचित कोष खाता नेपाल राष्ट्र बैकबाट स्वीकृत प्राप्त क बर्गको बाणिज्य बैक वा  अन्य बैक तथा वित्तीय संस्थामा आवश्यकता अनुसार खोल्नु पर्नेछ । आकश्मिक कोष खाता, खर्च खाता धरौटी खाता र अन्य आवश्यक खाताहरु यथासक्य नेपाल राष्ट्र बैकबाट स्वीकृति प्राप्त क बर्गाको वाणिज्य बैक वा अन्य बैक तथा वित्तीय संस्थामा आवश्यकता अनुसार खोल्नु पर्नेछ । तर गाउँपालिकाको क्षेत्रमा त्यस्तो बैक उपलब्ध नभएमा आफूलाई पायक पर्ने स्थानमा रहेको नेपाल राष्ट्र बैकबाट अनुमति प्राप्त बैक वा वित्तीय संस्थामा खाता खोली कारोबार गर्न सक्नेछ ।

(२) स्थानीय सञ्चित कोषको सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखले गर्ने पर्नेछ ।

(३) गाउँपालिकाको कोषबाट कानून बमोजिम बाहेक कुनै प्रकारको रकम खर्च गर्न पाइने छैन । स्थानीय तहको खर्च सम्वन्धी कानुन नवनेसम्म खर्च सम्वन्धी व्यवस्था नेपाल सरकारको प्रचलित कानून अनुसार गर्नु पर्नेछ ।

(४) प्रचलित कानून बमोजिम आर्थिक कारोबारहरुको अभिलेख व्यवस्थित राखी बार्षिक आीर्थक विवरण तयार गरी लेखा परीक्षण गराई तोकिएको समयमा सम्पर्क मन्त्रालयमा समेत पठाउनु पर्नेछ ।

३६. **<u>रकम फ्रिजसम्वन्धी व्यवस्था</u>** : चालु आर्थिक बर्षको अन्तिमसम्ममा खर्च नभई बाँकी रहेको रकम देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) संघिय तथा प्रदेश सरकारबाट निकासा भएको सबै निःशर्त, सशर्त, पूँजिगत तथा चालू अनुदान रकम आर्थिक बर्ष समाप्त हुनुभन्दा कम्तीमा ७ दिन अगाडि नै भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई आर्थिक कारोबार बन्द गर्नुपर्नेछ ।

(ख) आर्थिक कारोबार बन्द गरेपछि बाँकी रहेको रकम गाउँपालिकाको संचित कोष खातामा फिर्ता गर्नुपर्नेछ । यसरी फिर्ता प्राप्त भएको रकममध्ये संघ तथा प्रदेश सरकारबाट प्राप्त फ्रिज गर्न नपर्ने रकम र गाउँपालिकाको आन्तरिक आम्दानीबाट प्राप्त रकम, राजस्व बाँडफाँड बापत प्राप्त हुने रकम समेत आगमि आर्थिक बर्षको लागि संचितकोषमा दाखिला गरि लेखा राख्नुपर्नेछ ।

(ग) सम्झौता भई सम्पन्न नभएका र दायित्व सिर्जना भएका क्रमागत आयोजनाको भुक्तानी दिन बाँकी रकमको विवरण प्रमाणित गराई राख्नु पर्नेछ ।

३७ लेखा व्यवस्थापन : (१) गाउँपालिको लेखा व्यवस्थापन देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिकाले आर्थिक प्रशासन नियमावलीको नियम ३ को अधीमा रही लेखा पालन सिद्धान्त अनुसार लेखा राख्नुपर्नेछ ।

(ख) आर्थिक वर्ष समाप्त भएको पैतीस दिनभित्र तोकिएको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरी गाउँ सभा, महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(ग) गाउँपालिकाले कारोबार रकमको दैनिक रुपमा अनुसूची - **९, ९.१, र ९.२** बमोजिमको ढाँचामा प्राप्ति तथा भुक्तानीको विवरण राख्नुपर्नेछ । उक्त लेखा अभिलेख कम्प्यूटराईज्ड लेखा प्रणालीमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(घ) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले कोषमा प्राप्त हुने सबै प्रकारका रकमको स्रोत अनुसारको खाता वा सहायक खाता राख्नु पर्नेछ ।

(ङ) चालू खर्च र पूँजिगत खर्चका लागि छुट्टाछुट्टै दुईवटा खाता राखी आर्थिक कारोबारको अभिलेख व्यवस्थित गर्ने र उक्त हिसाव मासिक रुपमा बैङ्क खातासँग मिलान गराउने दायित्व गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

(च) खर्च व्यवस्थापन गर्दा नियमितता, मितव्ययिता, प्रभावकारीता, कार्यकुशलता औचित्य र जवाफदेहिताको सिद्धान्तलाई अवलम्वन गर्दै आर्थिक प्रशासन नियमावली बमोजिम खर्च गर्नुपर्नेछ ।

(छ) भौतिक पुर्वाधारतर्फ आयोजनाको हकमा प्राविधिकबाट स्थलगत अनुगमन सहितको प्रतिवेदन पेश नभएसम्म थप किस्ता निकासा दिन पाईने छैन ।

(२) गाउँपालिकाको लेखापरीक्षण देहाय बमोजिम गर्नु गराउनु पर्नेछ :- गाउँपालिकाको लेखापरीक्षण ऐनको दफा ६९ बमोजिम सम्पन्न गर्नुपर्नेछ ।

(ख) अन्तिम लेखापरीक्षण प्रतिवेदन गाउँसभामा पेश गर्नुपर्नेछ र गाउँपालिकाको सो लेखापरीक्षण प्रतिवेदनलाई राजनैतिक, दल, नागरिक समाज र अन्य सरोकारवालाको उपस्थितमा गाउँपालिकाको अध्यक्ष वा निजले तोकेको पदाधिकारीले सार्वजनिक गर्नुपर्नेछ ।

(घ) काम भएको तर प्रमाण कागजात जुटाउन नसकेका कारणले बेरुजु पछ्यौंट हुन नसकेका बेरुजुलाई नियमित गराउन गाउँ सभाले गाउँपालिकालाई आवश्यक निर्देशन दिनसक्नेछ । यसरी प्राप्त निर्देशनलाई प्राथमिकता दिई पालना गर्नु गराउनु गाउँपालिकाको कर्तव्य हुनेछ ।

(ङ) गाउँपालिकालाई लेखापरीक्षकबाट प्राप्त प्रतिवेदन चित्तबुझ्दो नलागेमा सो विवरण खुलाई नेपाल चार्टड् एकाउन्टेन्ट संस्थामा लेखी पठाउन सक्नेछ र उक्त संस्थाको स्वीकृति लिई अर्को लेखापरीक्षक नियुक्ती गर्नसक्नेछ।

(च) गाउँपालिकाको अन्तिम लेखापरीक्षण नेपाल चार्टड एकाउन्टेन्ट संस्थामा दर्ता भएको दर्तावाला लेखापरीक्षकबाट गराउनु पर्नेछ । तर सरकारी सेवा, सार्वजनिक संघ संस्था र जिल्ला समन्वय समितीको कार्यालयमा कार्यरत कर्मचारीले गाउँपालिकाको अन्तिम लेखापरीक्षण गर्न पाउने छैनन् ।

## परिच्छेद- ७

## वित्तिय अनुशासन सम्वन्धी व्यवस्था

३८ **वित्तिय अनुशासन** : वित्तिय अनुशासनसम्बन्धि व्यवस्था देहाय बमोजिम कायम गरिनेछ।

(क) नेपालको संविधानको धारा ५९ (७) बमोजिम गाउँपालिकाले पालन गर्नु पर्ने वित्तीय अनुशासन संघिय सरकारको कानून र नीति अनुसार पालन गर्नु पर्नेछ।

(ख) जवाफदेहीपूर्ण योजना तर्जुमा गरी गाउँपालिकामा सञ्चालित योजना र कार्यक्रमको सार्वजनिक सुनुवाई सामाजिक परीक्षण तथा लैगिक सशक्तिकरण र सामाजिक समावेशीकरण समेतको व्यवस्था मिलाउनुपर्नेछ।

(ग) स्थानिय योजना तथा कार्यक्रमको गुणस्तर र सुशासनमा उच्च जोड दिई, वित्तीय अनुशासन तथा परियोजना अनुशासनमा रहेर गाउँपालिकाको काम कारबाही अगाडि बढाउन पर्नेछ।

(घ) संघीय सरकारको अनुदानबाट प्राप्त रकम संघीय सरकारको सामाजिक सुरक्षा कार्यक्रममा थप गरेर दिन र कुनै पनि प्रकारको आर्थिक सहायतामा खर्च गर्न पाइने छैन।

(ङ) नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्नको लागि तलब भत्ता लगायतका अन्य भुक्तानीका रकमहरु समेत बैंक खाता मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(च) भौतिक आयोजना प्रगति विवरण मासिक, चौमासिक र बार्षिक रुपमा गाउँपालिकाको कार्यालयमा सबैले देख्ने गरी अनिवार्य रुपमा सावर्जनिक गराउने व्यवस्था गर्नुपर्नेछ।

**३९. उत्तरदायित्व सम्वन्धी व्यवस्थाः-** गाउँपालिकाको सम्पूर्ण काम कार्यवाहीलाई सरल, सुव्यवस्थित, सेवाग्राही मैत्री र जिम्मेवारयुक्त बनाई गाउँपालिकालाई सेवाग्राहीप्रति उत्तरदायी गराउन देहाय बमोजिमको व्यवस्था गर्नुपर्नेछ।

(१) कार्यालयको कार्यमा विभिन्न विभाग, महाशाखा, शाखा, कार्यालय, इकाईको कार्य जिम्मेवारी र उक्त शाखा इकाई कार्यालयमा काम गर्ने प्रत्येक कर्मचारीको काम, कर्तव्य र अधिकार एवम् जिम्मेवारी तोकी

काम गराउने व्यवस्था मिलाउनु पर्नेछ । यसरी जिम्मेवारी तोकेपछि सम्वन्धित शाखालाई कार्यसम्पादन मापन सूचकसँग समेत अन्तरसम्वन्ध स्थापित गर्नु पर्नेछ ।

(२) कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा उक्त सूचकहरु अनुसार कार्य गरे नगरेको वस्तुगत मूल्याङ्कन गरी पुरस्कार र दण्ड दिने परिपाटी अवलम्वन गरिनेछ ।

(३) नागरिकप्रति उत्तरदायि भई व्यवहार गर्न, नागरिकका आधारभुत आवश्यकता र अधिकारहरुप्रति संवेदनशील भई प्रभावकारी सेवा प्रवाह गर्न, आफ्ना कर्मचारी एवम् जनप्रतिनिधीहरुलाई अभिमुखीकरण गर्नुको साथै कार्यालयको कार्य वातावरणमा आवश्यक सुधार ल्याउनु पर्नेछ ।

(४) नागरिकका लिखित वा मौखिक गुनासाहरुलाई प्राथमिकता दिई सम्वोधन गर्न न्यायिक समितीलाई जिम्मेवारी तोक्न सक्नेछ । न्यायिक समितीले प्राप्त त्यस्ता गुनासा र सुनुवाई गरेको विवरण चौमासिक रुपमा समीक्षा कार्यपालिका बैठकमा पेश गर्नु पर्नेछ ।

(५) सूचनाको हकसम्वन्धी अधिकारलाई कार्यान्वयन गराउन गाउँपालिका प्रतिवद्ध रहनु पर्नेछ ।

(६) गाउँपालिकाले आफूले संचालन गरेको कार्यक्रम वा आयोजना, सेवा प्रवाहको अवस्था आदिका बारेमा बर्षमा कम्तीमा दुई पटक सार्वजनिक सुनुवाई गर्नेछ ।

(७) गाउँपालिका तथा स्थानीय सेवा प्रदायकको काम कारवाहीमा पारदर्शिता र सेवाग्राहीप्रति जवाफदेहिता अभिवृद्धि गर्ने उद्देश्यले स्थापना भएको उत्तरदायित्व सहजीकरण संयन्त्र ( एल.जि.ए.एफ) मार्फत गाउँपालिकाले आफु र आफ्नो मातहतको कार्यालयको काम कार्यवाहीको सन्दर्भमा नागरिक अनुगमन, सार्वजनिक सुनुवाई, समाजिक परीक्षण, र नागरिक वडापत्रको व्यवस्थित गर्नेजस्ता कार्य गरी गाउँपालिकालाई सेवाग्राहीप्रति उत्तरदायी गराउनुका साथै वित्तीय अनुशासन कायम गरिनेछ ।

(८) गाउँपालिकाको समग्र सेवा प्रवाह र आयोजनाको कार्यान्वयन सम्वन्धमा सम्वन्धित पक्षको चित्त नबुझेमा सम्बन्धित न्यायिक समिति समक्ष उजुरी दिन सकिनेछ । त्यस्तो उजुरी न्यायिक समितीले कार्यपालिकाको बैठकमा प्रस्तुत गर्नुपर्नेछ ।

(९) गाउँपालिकामा निर्वाचित पदाधिकारीहरुले सम्पत्ति विवरण स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ११० को उपदफा (१), सार्वजनिक पद धारण गरेका व्यक्तिले भ्रष्टचार निवारण ऐन, २०५९ को दफा (५०), निजामति कर्मचारीहरुले निजामती सेवा ऐन, २०४९ को दफा (५४) र निजामती सेवा नियमावली, २०५० को दफा ११८ को उपदफा (१) बमोजिम प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले साठी दिनभित्र राष्ट्रिय सतर्कता केन्द्रले तोके बमोजिमको ढाँचामा व्यवस्थित गरी राख्नुपर्नेछ ।

(१०) गाउँपालिकाका पदाधिकारी एवम् कर्मचारीहरुको आचार संहिता पारित गराई लागू गर्नु गराउनु पर्नेछ ।

सिमिलाई गाउँ कार्यपालिकाको कार्यालय

४० **पारदर्शिता सम्वन्धी व्यवस्था** : गाउँपालिकाले आफूले संचालन गरेको कार्यक्रम वा योजनालाई पारदर्शी ढंगले सञ्चालन गर्न देहाय बमोजिम व्यवस्था गर्नुपर्नेछ :

(१) गाउँपालिकाले (३) तिन लाख वा सोभन्दा वढी लागत अनुमान भएका कार्यक्रम वा आयोजनाहरुको आयोजनाको नाम, लागत अनुमान, सम्झौता मिति, सम्पन्न हुने मिति, लाभान्वित जनसंख्या, लागत सहभागिता जस्ता विवरण सहितको सूचना पाटी सर्वसाधारणले देख्न सक्ने गरी योजना स्थलमा राख्नुपर्नेछ ।

(२) गाउँपालिकाबाट सञ्चालित कार्यक्रम, आयोजना तथा बजेट सबैले देख्ने गरी सूचना पाटीमा टाँस्ने, सार्वजनिक गर्ने, स्थानीय सञ्चारका माध्यम एफ.एम रडियो मार्फत प्रचार प्रसार गर्ने कार्य गर्नुपर्नेछ ।

(३) आयोजना सम्पन्न भैसकेपछि त्यस्ता आयोजनको अनुसूची १० बमोजिम सार्वजनिक परीक्षण गराउनुपर्नेछ । सार्वजनिक परीक्षण नभएसम्म अन्तिम किस्ता भुक्तानी दिईने छैन ।

(४) गाउँपालिकाले वडा समितीको सहभागितामा सरोकारवाला सबै पक्षको प्रतिनिधित्व रहेको भेला मार्फत कम्तिमा बर्षको एक पटक सामाजिक परीक्षण गर्नुपर्नेछ । सामाजिक परीक्षण हुने स्थान र उपस्थिति सम्वन्धी सूचना व्यापकरुपमा प्रचार-प्रसार गर्नुपर्नेछ ।

४१. **जोखिम न्यूनीकरणसम्वन्धी व्यवस्था** : गाउँपालिकाको संस्थागत, आर्थिक, वित्तीय सुशासन एवम् विश्वसनीयता कायम गर्दै यस सम्वन्धी जोखिमहरु न्यूनिकरण गर्नका लागि देहाय बमोजिमको व्यवस्था गर्नु पर्नेछ :-

(क) उपभोक्ता समितिबाट संचालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सचिवको हुनेछ । लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

(ख) भए गरेको कामलाई नगरेको भनी तथा नगरेको कामलाई गरेको भनी सिफारिश गर्ने, नाप जाँच प्राविधिक सुपरिवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

(ग) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमको रकम दुरुपयोग भएको प्रमाणित भएमा सम्बन्धित पदाधिकारीबाट असुल उपर गरिनुको साथै त्यस्तो निर्णय गर्ने अधिकारीलाई प्रचलित कानून बमोजिम कारबाही हनेछ ।

(घ) गाउँपालिकाको सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी र नियमित गराउन सार्वजनिक खरिद ऐन र नियमावलीको पूर्ण पालना गर्दै विद्युतिय माध्यमबाट सञ्चालन गर्न प्रोत्साहन गर्नु पर्नेछ । ठेक्कापट्टा प्रक्रियामा हुनसक्ने अनियमितता, मिलोमतो, जवरजस्ती र हुलहुज्यत गर्नेजस्ता कानून विपरितका कार्यहरु निरुत्साहित गर्न स्थानिय प्रशासनले आवश्यक सहयोग गर्नुपर्नेछ ।

(ङ) स्थानिय सरकार संचालन ऐन, नियम, प्रचलित कानून र यस कार्यविधि विपरित कुनै पनि कार्यक्रम वा क्रियाकलाप र सेवा प्रवाहसम्वन्धी कार्य सञ्चालन गर्न पाइने छैन ।

(च) कार्यक्रम वा आयोजनाहरुको यस कार्यधिमा उल्लेख भए बमोजिम नियमित रुपमा अनुगमन, प्रतिवेदन तथा समीक्षा गर्नपर्नेछ ।

(छ) गाउँपालिकाको हित विपरित ठेक्का भेरिएसन गर्न वा मूल्य समायोजन गर्न वा स्वार्थ बाझिने काम गर्न पाईनेछैन ।

(ज) प्रत्येक आर्थिक बर्षको फाल्गुण मसान्तपछि नयाँ आयोजना सम्झौता गर्न वा पेश्की उपलव्ध गराउन पाईने छैन । साथै रकम फ्रिज नगर्ने गलत मनसायले नियमभन्दा बढी पेश्की दिन वा अन्य खातामा रकमान्तर वा स्थान्तरण गरेका पाइएमा त्यस्तो गर्न पदाधिकारी वा कर्मचारीलाई कानून बमोजिम कारबाही हुनेछ ।

(झ) गाउँसभाबाट बार्षिक कार्यक्रम वा आयोजना स्वीकृत गर्दा विषय क्षेत्रगत रुपमा एकमुष्ट छुट्याउने वा अवण्डामा नराखी आयोजनातग रुपमा बजेट बाँडफाड गर्नुपर्नेछ ।

(य) गाउँपालिकाबाट सञ्चालित कार्यक्रम वा आयोजनाको रकम उपभोक्ता समिति, ठेकेदार वा अन्य कार्यान्वयन गर्ने निकायबाट दुरुपयोग भएको पाइएमा वा अनुमानित लागतको तुलनामा गुणस्तरीय तवरबाट काम नभएको वा कम परिमाणमा काम भएको पाइएमा त्यस्तो कार्यमा संलग्न प्राविधिक कर्मचारी, व्यक्ति, पदाधिकारी वा निकायलाई भ्रष्टचार निवारण ऐन, २०५९ एवम् प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

## विविध

**४२. गैरसरकारी संस्थासम्वन्धी व्यवस्थाः-** (१) गाउँपालिकामा गैरसरकारी संस्थाले आफ्ना कार्यक्रम वा आयोजना वा स्रोत स्थानीयस्तरमा परिचालन गर्दा यस गाउँपालिकामा मात्र भए यस गाउँपालिका संग र यस गाउँपालिका सँग जोडिएका एकभन्दा वढी गाउँपालिकाको क्षेत्रमा समेत गर्ने भए सम्वन्धित गाउँपालिकासँग पनि आफुले गर्ने काम, कार्यस्थल र प्रवाह गर्ने रकम, कार्य सञ्चालन हुने अवधि, मुख्य उपलव्धी खुल्ने गरी **अनुसूची-११** बमोजिम समझदारीपत्र तयार गरी समन्वयात्मक ढंगले कार्य सम्पादन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) विकास साझेदारको सहयोगमा गैरसरकारी संस्था तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था मार्फत कार्यान्वयन हुने कार्यक्रमहरुमा पनि उपदफा (१) अनुसार गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) गैरसरकारी संस्थाले कार्यक्रम वा आयोजना सञ्चालन गर्दा गाउँपालिकाबाट प्राथमिकरणमा परेका र सहभागितामुलक तवरबाट छनौट भई आएका कार्यक्रम वा आयोजना सञ्चालन गर्न प्राथमिकता दिनुपर्नेछ ।

सिमाङ्गाउँ कार्यपालिकाको कार्यालय

(४) गैरसरकारी संस्थाले गाउँ स्तरमा स्रोत परिचालन गर्दा यस गाउँपालिकासँग समझदारी गरी समन्वयात्मक र जवाफदेही ढंगबाट कार्यक्रम वा आयोजना सञ्चालन गर्नुपर्नेछ । यस्ता कार्यक्रम वा आयोजनाको गाउँपालिकाले प्रभावकारी अनुगमन गर्नेछ ।

(५) गैरसरकारी संस्थाले गरेको कार्य प्रगति बारे चौमासिक रुपमा यस गाउँपालिकामा प्रगति समीक्षा गराउनु पर्नेछ ।

(६) अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुले कार्य सञ्चालन गर्दा प्रचलित कानून बमोजिम पारदर्शी र प्रतिस्पर्धी तवरबाट राष्ट्रिय वा गाउँपालिका स्तरमा कार्यरत गैरसरकारी संस्था छनौट गरी सो मार्फत सञ्चालन गर्नपर्नेछ ।

(७) गैरसरकारी संस्थाले प्रचलित कानून बमोजिम संस्थाको दर्ता, नवीकरण, आयव्यय तथा लेखाको अद्यावधिक विवरण राखेको र बार्षिक रुपमा लेखा परीक्षण गराएको हुनुपर्दछ ।

४३. **<u>थपघट वा हेरफेर गर्न सक्ने</u>** : यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार थपघट वा हेरफेर र व्याख्या गर्न सक्नेछ ।

४४. **<u>बचाऊ</u>** : (१) यस कार्यविधिका प्रावधानहरुलाई कार्यान्वयन गर्दा यस कार्यविधि लागू हुनुभन्दा अघि गाउँ सभाबाट स्वीकृत भएका कार्यक्रम र बजेटलाई सोही अनुसार सञ्चालन गर्न यस कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन । तर यस कार्यविधिका अन्य प्रावधानहरुको हकमा यसै कार्यविधिमा उल्लेख भए बमोजिम गर्नु गराउनु पर्नेछ ।

(२) गाउँसभाबाट स्वीकृत भएका कार्यक्रम वा आयोजना सञ्चालन गर्दा र अन्य कार्यक्रम वा आयोजना स्वीकृति, कार्यान्वयनसम्बन्धी क्रियाकलाप गर्दा यस कार्यविधिका प्रावधानहरुको समेत पालना गर्नुपर्नेछ ।

(३) यस कार्यविधिका कुनै प्रावधानहरु प्रचलित संघीय, प्रदेश र स्थानिय कानुन एवम् ऐन, नियमावली र आर्थिक प्रशासन नियमावलि सँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ॥

**४३. थपघट वा हेरफेर गर्न सक्नेः-** यस कार्यबिधि कार्यन्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्ट आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि कार्यपालिकाले यस कार्यबिधिमा आवश्यकता अनुसार थपघट वा हेरफेर र ब्याख्या गर्न सक्नेछ ।

**४४.बचाउः-** (१) यस कार्यबिधिका प्रावधानहरुलाई कार्यन्वयन गर्दा यस कार्यबिधि लागु हुनु भन्दा अघि गाउँसभाबाट स्विकृत भएका कार्यकम र बजेटलाई सोही अनुसार सन्चालन गर्न यस कार्यबिधिले बाधा पुर्याएको मानिने छैन । तर यस कार्यबिधिका अन्य प्रावधानहरुको हकमा यसै कार्यबिधिमा उल्लेख भए बमोजिम गर्नु गराउनु पर्नेछ ।

(२) गाउँसभाबाट स्विकृत भएका कार्यक्रम वा आयोजना सन्चालन गर्दा र अन्य कार्यक्रम वा आयोजना स्विकृत, कार्यन्वयन सम्बन्धि कृयाकलाप गर्दा यस कार्यबिधिका प्रावधानहरुको समेत पालना गर्नु पर्नेछ ।

३. यस कार्यबिधिका कुनै प्रावधानहरु प्रचलित संघीय, प्रदेश र स्थानीय कानुन एवं ऐन, नियमावली र आर्थिक प्रशासन नियमावली संग बाझिएको हद सम्म अमान्य हुनेछ ।

**आज्ञाले,**

मोहन प्रसाद निरौला

प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय